# खुला दिसामुक्त क्षेत्र घोषणा र यसले पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
म.र.ब.क्याम्पस इलाम अन्तर्गत समाजशास्त्र विषयको
स्नातकोत्तर तहको आंशिक
परिपूर्तिका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
अम्बिका पौड्याल
समाजशास्त्र/मानवशास्त्र विभाग
म.र.ब.क्यम्पस इलाम
अध्ययन अवधि :२०   - २०
त्रि वि द. नं. ६-१-४१०-१९४-९९
दोस्रो वर्षको परीक्षा रोल नं.१००४७
२०७४

# सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालयमानविकी तथा समाजशास्त्र संकाय अन्तरगत समाजशास्त्र स्नातकोत्तर तहको उपाधि प्राप्तिका निम्ती यस क्याम्पसमा अम्बिका पौडेललेपेश गरेको **सुभाङ गाविसमा खुला दिसामुक्त घोषणा र यसले पारेको प्रभाव** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार गरेको ब्यहोरा उपयुक्त ठहरिएकोले प्रमाणित गर्दै उक्त शोधपत्रको अन्तिम मूल्याङकनका लागि शोधपत्र मूल्याङकन समिति समक्ष सिफारिश गर्दछु ।

मिति : २०७४/ /

.........................
माधव प्रसाद गर्तौला
(शोध निर्देशक)
मरब क्याम्पस इलाम

# हार्दिक आभार एवं धन्यवाद

सुभाङ गाविसको सन्दर्भमा **"खुला दिसामुक्त क्षेत्र घोषणा र यसले पारेको प्रभाव"**शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालयमानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गतसमाजशास्त्र विषयको स्नातकोत्तर तहदोश्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारेकी हुँ ।

प्रस्तुत शोधपत्र मैले मेरा शोध निर्देशक माधव गर्तौलाज्यूको निर्देशनमा तयार पारेकी हुँ । प्राज्ञिक निर्देशन, अमूल्य सरसल्लाह एवम् उचित मार्गनिर्देशन गरी शोधपत्र तयार गर्न सहयोग गर्नुहुने मेरा शोधनिर्देशक श्रद्धेय गुरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यो शोधपत्र तयार पार्दा समय समयमा मलाई सल्लाह, सुझाव तथा अत्यन्तै महत्वपूर्ण सल्लाह, सुझाव दिनुहुने यस विभागका प्रध्यापकज्यू हरु प्रति  हार्दिक आभार व्यक्त गर्दछु ।

यस समयमा आफ्नो महत्वपूर्ण समय खर्चिएर मलाई उचित सल्लाह, सुझाव प्रदान गर्नुका साथै सामग्री समेत उपलब्ध गराई यो शोधपत्र तयार गर्न सहयोग गर्नुहुने पाँचथर खानेपानी तथा सरसफाइ सवडिभिजन कार्यालयमा कार्यरत कर्मचारी पुण्यप्रसाद सेडाइ लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यो शोधपत्र तयार गर्दा मलाई सामग्री उपलब्ध गराएर सहयोग गर्नुहुने सुभाङ गाविस कार्यालयका कर्मचारी प्रति धन्यवाद दिन चाहन्छु । यो सोधकार्यका लागि सामग्री सङ्कलन गर्न देखि लिएर कम्प्युटर टाइप गरी यो सोध पत्र तयार पार्न सम्म सहयोग गर्नु हुने मेरा जीवन सङ्गी प्रेमराज भण्डारी साथै सानी छोरी प्रतिष्ठा भण्डारी प्रतिपनि सधैं ऋृणी रहने छु ।  मलाइ जन्माइ हुर्काइ पढाएर यो समयमा ल्याइ पुर्‍याउने मेरा बुबाआमाप्रति म सदा ऋणि छु । साथै यो अनुसन्धानका लागि सामग्री सङ्कलन गर्दा नझर्कीकन सोधेका प्रश्नको उत्तर दिनुहुने सम्पूर्ण सुभाङबासी आमा, बुबा, दाजु, भाइ, दिदिबहिनी हरुप्रति विशेष आभार प्रकट गर्न  चाहन्छु । यसका साथै यो अनुसन्धान गर्नका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा महत्वपूर्ण भूमिका खेल्नुहुने साथीभाइ लगायत सम्पूर्णमहानुभाव एवं शुभचिन्तकहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

**मिति : २०७४/ /**

**अम्बिका पौडेल**

**मरब क्याम्पस इलाम**

# विषय सूची


पेज नं.

**अध्याय एक**

१.१.अध्ययनको पृष्ठभूमि 1

१.२ समस्या कथन 6

१.३ अध्ययनको उद्देश्य 8

१.४ अध्ययनको औचित्य तथा महत्व 8

१.५ अध्ययनको संगठन 9

१.६ अध्ययनको सीमा 10

**अध्याय दुइ**

**पूर्व साहित्यको पुनरावलोकन**

२.१. सैद्धातिक पुनरावलोकन 11

२.२ वर्णनात्मक पुनरावलोकन 12

२.२.१ सरसफाइको वर्तमान अवस्था 12

२.२.२ नेपालका सन्दर्भमा सरसफाइ 13

२.२.३ पाँचथर जिल्लामा सरसफाई सम्बन्धी भएका महत्वपूर्ण प्रयासहरु 14

२.२.४ खानेपानी र सरसफाइमा पाँचथर 14

२.२.५ कार्यालयल पुरा गरेका जिम्मेवारीहरु 16

२.२.६ कार्यक्रमले पुऱ्याएको सहयोग 17

२.२.७ सुभाङ गाविसको सन्दर्भमा सरसफाई अभियान 17

२.२.८ खुल्ला दिसामुक्तको लागि विभिन्न सरोकारवालाहरुकोलागि प्रतिबद्धता 18

२.२.९ खुल्ला दिसामुक्त घोषणा र प्रतिबद्धता 19

२.३ विभिन्न निकाय सरसफाई विज्ञ एवं विभिन्न समाजशास्त्रीहरुको सरसफाई एवं स्वच्छताप्रतिको अवधारणा 19

**अध्याय तीन**

३.१ क्षेत्र छनोटको औचित्य 22

३.२. नमुना छनोट विधि 22

३.३. नमुना छनोटको आधार 22

३.४ तथ्याङ्कको प्रकृति, प्रकार र स्रोतहरु 22

३.५ तथ्याङ्क सङ्कलनका विधिहरु 23

३.५.१ प्रश्नावली 23

३.५.२ अन्तर्वार्ता 23

३.५.३ अवलोकन 24

३.६ तथ्यङ्को व्याख्या र विश्लेषण 24

**अध्यय चार**

**अध्ययन स्थलको परिचय**

४.१ सुभाङ्ग गाविसको अवस्थिति 25

४.२ सुभाङ गाविसको जनसङ्ख्यागत तथा जातिगत अवस्था 25

४.३ समाजिक, धार्मिक एवम् साँस्कृतिक अवस्था 26

४.४ गाविसको आर्थिक अवस्था 26

४.५ गाविसको शैक्षिक अवस्था 27

४.६ सुभाङ्ग गाविसका विशेषताहरु 27

४.७ सुभाङ्ग गाविसका अवसर तथा चुनौतिहरु 28

४.८ वातावरणीय अवस्था 29

४.९  विभिन्न सिर्जनशील कार्यहरु 29

४.९.१. दानवीर कार्यक्रम 30

४.९.२. पुरस्कार र प्रेरणा 30

४.९.३ सामूहिक प्रतिबद्धता 30

**अध्याय पाँच**

५.१ सङ्कलित तथ्याङ्कहरुको तालिकीकरण एवं विश्लेषण 32

५.१.१ सुभाङ गाविसको जम्मा घरधुरी संख्या विवरण 32

५.१.२ उत्तरदाताको उमेरगत वर्गीकरण 33

५.१.३ उत्तर दाताको शैक्षिक अवस्था 34

५.१.४ उत्तरदाताको जातजातिगत विवरण 34

५.१.५ खानेपानीको स्रोतको अवस्था 35

५.१.६ खानेपानीको उपयोगको अवस्था 36

५.१.७ खानेपानी प्रशोधन सम्बन्धी जनसंख्या 36

५.१.८ चर्पीको सुविधा सम्बन्धी विवरण 37

५.१.९ चर्पीको सरसफाइको अवस्था 38

५.१.१० हातको सरसफाइ सम्बन्धी अवस्था 38

५.१.११ हातधुने बानीको विवरण 39

५.१.१२ हात धुने सामग्रीको प्रयोग 40

५.१.१३ नुहाइ धुवाइ गर्ने बानीको सन्दर्भ 41

५.१.१४ नङ काट्ने समय र जनसंख्या 41

५.१.१५ कपडा धुने काम र जनसंख्या 42

५.१.१६ फोहोर पानीको उचित व्यवस्थापन 43

५.१.१७ घर सफा गर्नुपर्ने कारण 44

५.१.१८ सरुवा रोग सम्बन्धी ज्ञान 44

५.१.१९ चर्पीको सरसफाइ 45

५.१.२० फोहोर मैलाको व्यवस्थापन 46

५.१.२१ पानी प्रशोधनको तरिकाको प्रयोग 46

५.१.२२ सरुवा रोग सम्बन्धी ज्ञान 47

**५.२ तथ्याङ्कहरूको वैधता र विश्वासनियता** 48

**५.३ तथ्याङ्कबाट देखिएका सुभाङ्ग गाविसको पहिलेको र अहिलेको अवस्था** 48

**५.४ सुभाङ्ग गाविसमा खुला दिसामुक्त पछिको पूर्ण सरसफाइयुक्त अवस्था** 49

**अध्याय छ**

**सारांश, निष्कर्ष र सुझाव**

६.१ सारांश 51

६.२ निष्कर्ष 52

६.३ सुधार गर्नुपर्ने पक्षहरु 53

# अध्याय एक

## १.१.अध्ययनको पृष्ठभूमि

नेपालमा सरसफाइ सम्बन्धी ऐतिहाासिक पृष्ठभूमि केलाउँदा सन् १९९१ मा काठमाडौंमा सरसफाइ अड्डाको स्थापना सँगै देशमा सरसफइ प्रवर्धनको संस्थागत थालनी भएको मान्न सकिन्छ । सन १९५० को दशकतिर स्वास्थ्य मन्त्रालयद्वारा सञ्चालित सामुदायिक स्वस्थ्य कार्यक्रमले सरसफाइलाई मानव जीवनको एक अभिन्न अङ्गको रुपमा लिन थालियो यसैगरी सन् १९७२ मा काठमाडौंमा खानेपानी तथा ढल निकास विभागको स्थापना पछि खानेपनी आयोजना स्थलमा सरसफाइका क्रियाकलापहरु प्रवर्धन गर्ने कार्यको थालनी गरियो ।

नेपालमा व्यवस्थित रुपमा सरसफाइको सुरुवात भने संयुक्त राष्ट्र संघद्वारा खानेपानी तथा सरसफाइ दशक (१९८१-१९९०) को घोषणा पश्चात् मात्र भएको पाइन्छ । यसै गरी सरसफाइ सम्बन्धी नीति निर्माण एवं कार्यक्रमहरुको तर्जुमा गर्न सहजीकरण गर्ने हेतुले सन् १९९२ मा खानेपानी तथा ढल निकास विभाग अन्तर्गत वातावरणीय सरसफाइ शाखाको स्थापना गरियो ।( स्रोत : खानेपानी तथा ढल निकास विभाग र युनिसेफ ) । त्यसैगरी सन् १९९८ मा खानेपानी तथा ढल निकास विभागका महानिर्देशकको अध्यक्षतामा राष्ट्रिय सरसफाइ कार्य सञ्चालन समितिको गठन गरियो । (स्रोतः खानेपानी तथा युनिसेफ तथा ढल निकास विभाग र युनिसेफ) जसका कारणले विभिन्न सरोकरवालहरुसँगको सहकार्यमा सरसफाइ प्रवर्धनका लागि ठोस योगदान पुऱ्याउँदै आएको छ र यस सम्बन्धीका आयोजना तथा अभियानहरु आजसम्म विभिन्न चरणमा पार गर्दै अगाडि बढिरहेका छन् ।

नेपाल सरकारले लागु गरेका सरसफाइ सम्बन्धी विभिन्न नीतिगत कुरा गर्नु पर्दा “राष्ट्रिय सरसफाइ नीति १९९४” नै नेपालको सरसफाइ प्रवर्धनको इतिहासमा कोषेढुङ्गा सावित भएको छ । चर्पी निर्माणको सीमित दायरा भित्र मात्र सरसफाइलाई बुझ्ने परम्परागत सोचबाट अघि बढेर यस नीतिले सरसफाइलाई नेपालका नागरिकको आधारभूत अधिकारको रुपमा मन्यता दिएको छ । साथै सरसफाइलाई व्यक्तिगत फाइदाको रुपमा मात्र नजोडेर पर्यावरणीय दिगोपना , वातावरणीय स्वच्छता तथा उत्पादकत्व एवं जनताको जीवनस्तर उकास्ने आधार स्तम्भको रुपमा समेत हेरिएको छ । त्यसैगरी खानेपानी आपूर्ति सम्बन्धी राष्ट्रिय नीति र रणनीति १९९८

ले खानेपानी तथा सरसफाइ प्रवर्धनमा केन्द्रीय निकायको भूमिकालाई नीति निर्माण तहमा केन्द्रीकृत गरी कार्यक्रम  कार्यान्वयनमा स्थानीय निकाय, सरकारी तथा गैर सरकारी सङ्घ संस्थाको भूमिकामा जोड दिएको छ । सन् २००४ मा कार्यान्वयनमा ल्याईएको ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ सष्ट्रिय नीति र रणनीति एवं क्षेत्रगत रणनीतिक कार्ययोजना मार्फत् खानेपानी तथा सरसफाइ तर्फको कुल बजेटको २० प्रतिसत रकम सम्म सरसफाइका लागि परिचालन गर्न सकिने प्रावधान रहेको छ । यस नीति मार्फत सन् २०१७ सम्ममा सबैकालागि आधारभूत सरसफाइ सुबिधा खानेपानीका साथमा घर घरमा चर्पी पुऱ्याउने राष्ट्रिय लक्ष तय गरिएको छ । त्यसैगरी सन् २००९ म तर्जुमा गरिएको सहरी खानेपानी तथा सरसफाइ नीतिले खानेपानी तथा सरसफाइ सुविधा विस्तारमार्फत जनस्वास्थ्य प्रवर्धन गरी गरिवी न्युनीकरणको लक्ष्यमा टेवा पुऱ्याउने व्यापक उद्देश्य बोकेको छ ।

हाम्रो समाज विभिन्न सामाजिक परिवेशमा रुमलिएको छ । शिक्षा, सँस्कृति, संस्कार रीतिरिवाज, चालचलन, धर्म आदि विविध व्यवहारिक गतिविधिको सञ्जाल भित्र रहेको यो समाजमा शैक्षिक एवं चेतनामूलक विकासको निरन्तर रुपमा खाँचो परि नै रहन्छ । आजको समाजले जेजस्तो विकासको फड्को मारिरहेको भएपनि यहाँका विद्यमान केही सामाजिक गतिविधिहरुले गर्दा मानव विकाशको सन्दर्भमा भने आजको समाजले केही सिक्न बाँकी नै छ । यसैको एउटा सशक्त उदाहरण विदेशी दातृ निकाय हरुले हामी नेपालीहरुलाई चर्पी जान हात धुन एक्काइसौ शताब्दीको उत्तरार्धमा आएर सिकाउँदैछ । यस्तो अजउउे

व्यङ्ग्यात्मक तरिकाको सहयोग लाई पनि वास्ता नगरी हाम्रा बारीका डिल, खोल्सा, खानेपानीका मुहानमा आज पनि नेपाली दिसा हरु भेटिन्छन् । त्यस्तै अर्को उदाहरण हो आजको पूर्ण सरसफाइ अभियान । यस्तै विभिन्न पूर्ण सरसफाइ अभियान अन्तर्गत आज खुला दिसा मुक्तको गतिविधि पनि एक अपरिहार्य एवं चर्चाको विषय बनेको छ । किनकी मानवीय जीवनमा यो सरसफाइ भन्ने कुरा सामाजिक आवश्यकता, इज्जत, प्रतिष्ठा, सभ्यता, स्वास्थ्य जस्ता व्यक्तिगत विकासका निम्ति पनि अत्यन्तै महत्वपूर्ण सावित भएको छ ।

पूर्णसरसफाइ भन्नाले तोकिएको क्षेत्र, बस्ती, टोल, विद्यालय सेवाक्षेत्र, गाविस, नपा तथा जिल्लामा विभिन्न सरसफाइका सुविधा र स्वच्छताका प्रवर्धन तथा बानी व्यवहारमा विकास र परिवर्तनको माध्यमबाट सरसफाइयुक्त अवस्था हासिल गर्नु हो । पूर्ण सरसफाइले बानी व्यवहारको पहिलो चरणको रुपमा खुला दिसा गर्ने परम्परालाई अन्त्य गर्ने कुरामा ध्यान केन्द्रित गर्दछ भने दोस्रो चरण अन्तर्गत दिगो सरसफाइ र स्वच्छता हासिल गर्नेसम्बन्धी सबै व्यवस्थालाई समेट्दछ  त्यसपछि मात्र समून्नत समाजको अपेक्षा गरिन्छ ।

खुला दिसा मुक्त भन्नाले जहाँ पायो त्यहीँ खुला ठाउँमा दिसा गर्ने र दिसालाई त्यसै छोडिदिने कार्य लाई जनाउँछ । यो कार्य मानिसको लाज भन्दापनि मानव स्वास्थ्यसँग बढी जोडिएको हुन्छ । दिसामुक्त अवस्था भन्नाले दिसामा झिँगा बस्न नसक्नेगरी खाल्डोमा ढकन लगाइएको अवस्थालाई जनाउँछ । ढकन नभएको कच्ची खाल्डोमा दिसा संकलन गरेर राम्ररी पुरेमा त्यसलाई पनि खुला दिसामुक्तको अस्था  नै जनाउँछ ।

**कुनै तोकिएको स्थानलाई खुला दिसामुक्त भन्नकालागि देहायका सूचकहरु हुनु पर्दछ ।**

- तोकिएको ठाउँमा कुनै पनि समयमा खुला दिसा नदेखिनु
- सुधारिएको चर्पीको सुविधामा सवैको पहुँच पुगेको
- चर्पीको पूर्ण सदुपयोग, सरसफाइ ,सन्चालन र मर्मत संहार भइरहेको
- तोकिएको क्षेत्र तथा सबै सार्वजनिक संघसंस्था विद्यालय कार्यालय आदिमा चर्पीको सुविधा
- मानिसको जमघट हुनेठाउँमा सार्वजनिक चर्पीको व्यवस्था

यसका अतिरिक्त खुला दिसा मुक्त घोषणा प्रक्रियाको चरणमा देहायका पक्षहरु लाई प्रोत्साहन गरिनु पर्दछ ।

- सबै घरधुरीमा साबुन र साबुन राख्ने बट्टा सहितको हात धुने व्यवस्थाको उपलब्धता
- तोकिएको क्षेत्रमा पशुजन्य फोहोर ठोस र तरल वस्तुको फोहोर मैलाको व्यवस्थापन लगायत वातावरण सरसफाइ कायम रहेको

खुला दिसामुक्त पछिको पूर्ण सरसफाइयुक्त अवस्थामा दिगो सरसफाइ र स्वच्छता सुविधा ,मानव सभ्यताको विकास एवं बानी व्यवहारको विकासका लागि गरिएका सबै व्यवस्थाहरु समावेस हुन्छन् । यद्यपि सम्बन्धित समुदाय , गाविस , नपा अफैंले नै खुला

दिसामुक्त घोषणा पछिका सरसफाइ र स्वच्छता सम्बन्धी विभिन्न मापदण्ड पहिचान गरी लागु गरिने भए तापनि कुनै निश्चित क्षेत्रमा पूर्ण सरसफाइको अवस्था हासिल गर्न देहायका सूचकहरु लाई आधार मान्न सकिन्छ ।

**व्यक्तिगत सरसफाइ तथा स्वच्छता सम्बन्धी बानी व्यवहारका प्रमुख सूचकहरु**

- नियमित चर्पीको प्रयोग
- खाना खानु, खुवाउनु अगाडि, दिसा धोएपछि र फोहोर वस्तु खेलाएपछि साबुन पानीले मिची मिची हात धुने बानीको विकास
- पिउने पनीको सुरक्षित व्यवस्थापन र शुद्धिकरणको प्रयोग
- व्यक्तिगत स्वच्छता सरसफाइ कायम गर्ने जसमा नङ काट्ने , केश कोर्ने , नुहाउने ,लुगाधुने ,दैनिक दाँत माझ्ने आदि कुराहरु पर्दछन् ।
- घरभित्र र बाहिरका ठोस र तरल फोहोर मैलाको उचित व्यवस्थापन

**चर्पीको समुचित प्रयोग**

- प्रत्येक घरधुरी , संघ संस्थामा  आवश्यकताअनुसार चर्पी निर्माण भई प्रयोग भएको
- साबुन पानी सहित सुरक्षित सफा चर्पी भएको
- खुला ठाउँमा दिसा नभेटिएको
- संघ संस्था र सार्वजनिक शौचालय प्रयोगकर्ता मैत्री भएको

**सुरक्षित पानीको पहुँच तथा प्रयोग**

- घरायसी , विद्यालय , संघ संस्थामा पानी सुद्धीकरणको कुनै एक प्रकृयाको प्रयोग गरेर मात्र पनी पिउने गरेको
- घरायसी पानी सुद्धीकरणको आवश्यक सामग्री स्थानीय स्तरमै उपलब्ध भएको

**सुरक्षित खानाको प्रयोग**

- आधारभूत स्तरको खानामा सबैको पहुँच भएको
- खानाको पानी, होटल, क्यान्टीन सफा रहेको
- खाना पकाउने र खाने भाँडा सफा हुनुका सथै खानेकुरा र पिउनेपानी पनि छोपेर राखेको

- फलफूल तथा खानेकुरा राम्रोसँग सफा गरेको एवं पकाएर, तताएर खाने खुवाउने गरेको
- सुरक्षित खानाको अनुगमनको लागि कार्यदल गठन गरी कम्तिमा चौमासिक रुपमा अनुगमन हुने गरेको

**घरायसी सरसफाइ**

- दिसा गर्नका लागि सबै घरधुरीमा चर्पीको व्यवस्था
- हात धुनका लागि  साबुन र साबुन राख्ने ठाउँका साथै पानीको व्यवस्था हुनुपर्ने
- सधैं चर्पी सफा राख्ने र चर्पीमा किटनासक र गन्धनासक औसधीको व्यवस्था हुनुपर्ने
- घर, आँगन सरसफाइ हुनुपर्ने

**संस्थागत /वातावरणीय सरसफाइ**

- सबै सार्वजनिक तथा निजी संघ संस्थाहरुमा स्वच्छ सफा र प्रयोगकर्ता मैत्री चर्पी , साबुन पानिले हातधुने सुविधा र फोहोर निष्कासनको उचित व्यवस्था
- सबै किसिमका विद्यालयहरुमा बालबालिका, अपाङग र लैङ्गिकमैत्री चर्पी तथा पानीको व्यवस्थाका साथै हात धुने सुविधा
- विद्यालयहरुमा विशेषगरी छात्राका लागि महिनावारी समस्याको व्यवस्थापन
- हरेक विद्यालय हाताभित्र फोहोर फाल्ने खाल्डोको पनि अनिवार्य व्यवस्था हुनुपर्ने
- सबै सङ्घ संस्थाहरुले आआफ्नो संस्थाको परिसरभित्र र वरिपरीको वातावरण सफा र स्वच्छ राख्नुपर्ने
- सरसफाइकालागि अपनाउनुपर्ने सतर्कताका कुराहरु
- खानेकुरा र पिउनेपानी छोपिएको हुनुपर्ने
- घर, गोठ, आँगन आदि वरिपरी सदैव सफा राख्नुपर्ने
- घरपालुवा जनावर र पशुपन्छीका लागि व्यवस्थित गोठ/टहरा हुनुपर्ने
- घरबाट निष्कासित ठोस  र तरल फोहोर हाल्ने ठाउँ छोपिएको हुनुपर्ने
- सुधारिएको चुलो वा वायोग्याँसको अनिवार्य उपलब्धता हुनुपर्ने

(स्रोत : खानेपानी सबडिभिजन कार्यालय पाँचथर )

## १.२ समस्या कथन

कुनैपनि मानवीय विकास समय सन्दर्भका बिभिन्न अत्यावश्यकीय आधारभूत कुराहरुमा निर्भर रहेको हुन्छ । यससैले यी विषयहरुमा महत्वपूर्ण ज्ञान भएन भने रष्ट्रको समग्र विकास नै अधुरो रहन्छ । त्यसैले पिउने पानी,भोजन,आवास, स्वच्छ वातावरण, सरसफाइ आर्थिक अवस्था, साक्षरता आदिको विकास नै मानवीय विकासका आधारभूत विषयवस्तु हुन् । त्यसमा पनि मानवीय स्वास्थ्य र सरसफाइ नै अत्यन्त महत्वपूर्ण विषय हुन् । त्यसैले सरसफाइ नै मानव जीवनको अत्यन्तै महत्वपूर्ण पक्ष हो । जसका लागि खुला दिसामुक्त अवस्था नै आजको अपरिहार्यता हो । यो विषय आजको समाज र समुदायका लागि निकै महत्वपूर्ण कुरा भैसकेको छ । किनभने  खुला दिसा मुक्त नै विभिन्न सरुवारोगबाट बच्न सकिने एक मात्र उपाय हो । सरसफाइ नै ईज्जत, प्रतिष्ठा,एवं सभ्यताको द्योतक पनि हो । साथै मानव जीवनको उच्च पहिचान झल्काउने अति आवश्यक कार्य पनि हो । यही सरसफाइका सन्दर्भमा खुला दिसामुक्त कार्यबाट पार्ने प्रत्यक्ष प्रभाव नै यसको ससक्त उदाहरण पनि हो । जहाँ महत्वपूर्ण कार्यहरु भइरहेका हुन्छन् त्यहाँ समस्या हरु पनि खडा भैरहेका हुन्छन् । जुन समस्या हरुलाई हरेक गतिविधिमा नियालेर समाधान गर्दै लक्ष तिर केन्द्रित हुनुपर्ने हुन्छ । यसै सन्दर्भमा सुभाङ्ग गाविसमा खुला दिसामुक्त भैसकेपछि पनि विभिन्न समस्या तथा प्रभावहरु देखापरेका छन् । जुन समस्याहरुलाई निम्नानुसार औंल्याउन सकिन्छ :

- सुभाङ्ग गाविसलाई खुलादिसामुक्त गाविसको रुपमा घोषणा गरेपनि सबै घरहरुमा चर्पी निर्माण भएतापनि सम्पूर्ण घरमा चर्पीको प्रयोग र पूर्ण सरसफइ हुने नगरेको पाइयो । यसको कारण बुझ्दा सफा गर्ने पानीको कमीले सफा नभएको भन्ने बुझियो ।
- सबैमा सरसफाइको बानी व्यवहारमा परिवर्तन नभएको पाइयो ।
- धेरै जसो घर, आँगन, चर्पी करेसाबारी बाटो आदिमा डङ्गुर फोहोर थुप्रिएको देखियो । भने सुँगुर बंगुर, कुखुराजस्ता पशुपन्छीको दिसा पिसाबले दुर्घन्धित रहेको देखियो । विशेषगरी सुँगुर बंगुरको खोर एकान्त ठाउँमा नबनाइ बाटोको छेउमा बनाई दुर्घन्धित बनाएको देखियो ।
- स्थानीय संघ संस्थाहरु पनि सरसफाइ अभियानमा जागरुक नदेखिनुका साथै  यस अध्ययन क्षेत्रमा रहेका विभिन्न सरकारी एवं गैरसरकरी सङ्घ संस्थाहरु  सबै क्षेत्रका चर्पीमा

साबुनपानी आदि सुविधाको उचित व्यवस्थापनका साथै सरसफाइमा निरन्तर रुपमा जागरुक नभएको  देखियो ।

- सरुवा रोगहरु पूर्ण रुपमा नियन्त्रण हुन नसकेको खाल्डा, खुल्डीमा जमेको, पानीको व्यवस्थापन नगरिइएको पाइयो । फोहोर जम्माभएका खाल्डा खुल्डी पुर्ने र पशुपन्छीका गोवर र सडेगलेका वस्तुहरुलाई उचित स्थानमा गाड्ने वा निश्चित खाल्डोमा हाल्ने कार्य नगर्दा सरुवा रोगहरु निर्मूल हुने अपेक्षाकृत सम्भावना कम रहेको देखियो ।
- गर्मी समयमा झिँगा लगायत अन्य स्वस्थ्यमा हानी ल्याउने किराजन्य वस्तुलाई वास्ता नगरेको देखियो ।
- खाने पानीका मुहानको सरसफाइ तथा पानी शुद्धीकरण पूर्ण रुपमा नगरीकन प्रयोग गरिएको पाइयो ।
- गाउँघर, बाटोघाटोमा हिँड्दा घुम्दा कतै कतै खोल्सा खाल्सीमा त कतै बाटोमै पनि दिसा भेटियो । यसमा केरकार गरी सोद्धा कहिलेकाहीँ बाटो हिँड्ने बटुवाले वा पाहुनाले दिसा गरेको हुनुपर्दछ यस्तै आफुले पालेका सुँगुर बङ्गुरको आहारका लागि हो भन्ने जस्ता रोचक र हाँस उठ्दा कुराहरुपनि पाइयो ।

यी माथिका सम्पूर्ण समस्याहरुलाई बुझ्दा  रष्ट्रिय स्तर देखि चलाएको अभियान गाविस सम्म आइपुग्दा पनि सरसफाइप्रति पूर्णरुपमा ध्यान गइनसकेको देखियो । तसर्थ  जनचेतनाको कमी भनुँ वा प्रचारप्रसार कम भएको भनुँ वा लापर्वाही भनुँ यस गाविसमा दिसामुक्त घोषणा भएतापनि जुन सरसफाइमा ध्यान दिनु पर्थ्यो त्यो हुन सकेको देखिएन । सरसफाइ सम्बन्धी कुराहरुमा पूर्ण जानकारी हुन नसकेको कुरा प्रष्टिन्छ । यी माथिका कुराका अतिरिक्त निम्न प्रश्न हरुभित्र रहेर निम्न अनुसन्धानमूलक प्रश्नको उत्तर खोज्नकालागि यो शीर्षक चयन गरिएको हो ।

- सुभाङ्ग गाविसको सरसफाइ सम्बन्धी वर्तमान अवस्था कस्तो छ ?
- यस गाविसका नागरिकाहरुको सरसफइ सम्बन्धी चेतनास्तर कस्तो छ ?
- खुला दिसामुक्त घोषणा पछि र घोषणा पहिलेका समाजमा सरसफाइ सम्बन्धी कस्तो फरक देखियो ?
- आफ्नो स्वास्थ्यसँग वातावरणीय सरसफाइको सम्बन्ध कस्तो छ ?

- सबै नागरिकमा सरसफाइ सम्बन्धी चेतना पुगेको छ या छैन ?
- खुला दिसामुक्तको अभियानले व्यक्तिगत, घरायसी र समुदायमा कस्तो प्रभाव पारेको छ

## १.३ अध्ययनको उद्देश्य

खुला दिसा मुक्त अभियानले सुभाङ्ग गाविसमा पारेको प्रभावको लेखाजोखा गर्नु यस अध्ययनको समग्र उद्देश्य हुनेछ भने यस अध्ययन मार्फत् तपसिलका खास उद्देश्यहरु हासिल हुनेछन् :

**क) सरसफाइ र खुला दिसा मुक्त सम्बन्धी वर्तमान अवस्थाको विश्लेषण गर्नु**

**ख) खुला दिसामुक्त अभियानले व्यक्तिगत , घरायसी र समुदाय तहमा पारेको प्रभाको लेखाजोखा गर्नु**

## १.४ अध्ययनको औचित्य तथा महत्व

मुलुक भर चलेको वर्तमान अवस्थाको पूर्णसरसफाइ अन्तर्गत यस सुभाङ्ग गाविसमा प्राप्त विशेषताहरुको उल्लेख गर्नु नै यस अध्ययनको वास्तविक औचित्य हो । यो समस्या राखेर अनुसन्धान गरीसकेपछि यस गाविसका नागरिकले आफ्नो गाविसको सरसफाइको अवस्था बुझ्न पाउने छन् । यस पश्चात् उनीहरुले आफ्नो स्वस्थ्य लाई ख्याल गरी सरसफाइको पहुँच नपुगेका ज्ञान नभएका र खुला दिसाको असरको बोध नभएका व्यक्ति लाई यो अध्ययन महत्व पूर्ण सावित हुने छ । अन्य गाविसको तुलनामा सरसफाइगत गतिविधिमा भिन्नता पाउनु नै यस अनुसन्धानको मूल उद्देश्य हो । सरसफाइ गतिविधिका साथै यहाँको सामाजिक, अर्थिक, साँस्कृतिक क्रियाकलापको समेत अध्ययन गरी वस्तविकताको पहिचान हुने कुराले नै यस अनुसन्धानको औचित्य पुष्टि हुन्छ । यसको पुष्ट्याइँ यस शोधपत्रमा उल्लेखित विविध विषयवस्तुहरुले गर्ने नै छन् । जस अनुसार यस कार्यले विभिन्न क्षेत्रमा पारेको र पर्नसक्ने प्रत्यक्ष वा अप्रत्यक्ष प्रभावका बारेमा पनि विभिन्न विषयवस्तुलाई स्पष्ट रुपमा केलाएर हेर्दा सरोकारवालालाई अत्यन्तै महत्वपूर्ण सावित हुनेछ । जसले गर्दा यो अनुसन्धानले तोकेको क्षेत्रमा

र आसपासका क्षेत्रहरुमा समेत सकारात्मक प्रभाव पार्नुका साथै वातावरण पनि स्वच्छ र सुन्दर हुन्छ । यसका अतिरिक्त यस गाविसका साथै अन्य ठाउँको सामाजिक परिवेश भित्रको मावीय पहिचान लाई उच्च बनाउन उपयोगी सिद्ध बनेको छ । यसरी नै पूर्ण सरसफाइ अन्तर्गतको खुला दिसामुक्त अभियान समग्र क्षेत्रको विकास एवं सरसफाइ र खुला दिसा मुक्त सम्बन्धी वर्तमान अवस्थको विश्लेषण गर्नु नै यस अनुसन्धानको औचित्य हो ।

यो अध्ययन अनुसन्धानको सिलसलिामा यो गाविस छनोट गर्नुको वास्तविक कारण पनि पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत मुलुक भर चलेका खुला दिसा मुक्त अभियानको सन्दर्भमा यो जिल्लाकै चर्चामा आएको एक गाविस भएकाले नै हो ।

## १.५ अध्ययनको संगठन

कुनैपनि अध्ययन एवं अनुसन्धानलाई सहज र व्यवस्थित रुपले सम्पन्न गर्नका लागि विभिन्न परिच्छेद र शीर्षक तथा उपशीर्षकमा विभाजन गरी तयार गर्नु सान्दर्भिक हुन्छ । प्रस्तुत शोधपत्रलाई पनि सङ्गठित र सुव्यवस्थित स्वरुप प्रदान गर्नका लागि निम्नानुसारका छ अध्यायमा राखी त्यस भित्र आवश्यकतानुसारका अन्य शीर्षक तथा उपशीर्षकमा विभाजन गरी राखिएको छ ।

- **पहिलो अध्याय** : अध्ययनको पृष्ठभूमी, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको संगठन र सीमाहरु सम्बन्धी विषय वस्तुहरु प्रस्तुत गरिएको छ ।
- **दोस्रो अध्याय** : पूर्वसाहित्यको सैद्धान्तिक एवम् वर्णनात्मक पुनरावलोकन, सरसफाइ सम्बन्धी बिभिन्न अवधारणाको विकास पनि व्याख्या गरिएको छ ।
- **तेस्रो अध्याय** : छेत्र छनोटको औचित्य, अनुसन्धान ढाँचा एवम् विधि, नमूना छनौट, तथ्याङ्क सङ्कलनको स्रोत, तथ्याङ्क सङ्कलन विधिको सम्बन्धमा जानकारी गराईएको छ ।
- **चौथो अध्याय** : अध्ययन क्षेत्रको परिचय, जनसंख्या तथा जात/जाति, सामाजिक/सांस्कृतिक/अर्थिक, शैक्षिक गतिविधि, अवसर तथा समस्या एवम् चुनौति, वातावरणीय सरसफाइ, विभिन्न सिर्जनशील कार्यहरूको वारेमा चर्चा गरिएको छ ।
- **पाँचौ अध्याय** : तथ्याङ्कहरूको तालिकाहरुको विश्लेषण, वैधता, विश्वसनीयता, सुभाङ्ग गाविसको पहिलेको र अहिलेको अवस्था समावेश गरिएको छ ।

) **छैटौं अध्याय** : अध्ययनको अन्तिम परिच्छेदको रुपमा रहेको छ । जसमा अध्ययनको सारांश, निष्कर्षका साथै आवश्यक सल्लाहका साथ सुधार गर्नुपर्ने पक्षहरु प्रस्तुत गरिएको छ ।

## १.६ अध्ययनको सीमा

हरेक कार्यको आआफ्नै सीमा निर्धारण गरिएका हुन्छन् । जसले त्यो विषयवस्तुलाई एउटा निश्चित सीमा भित्र रहेर गहिरो अध्ययन गर्ने अवसर प्रदान गर्दछ । यसैले यो अनुसन्धानको क्षेत्र सुभाङ्ग गाविस मात्र रहेको छ । यो अध्ययन बाट यस गाविसका वास्तविक अवस्थाको चित्रण गरिएको छ । यहाँका सामाजिक शैक्षिक आदि विभिन्न गतिविधि हरुको समेत अध्ययन र त्यसको संक्षिप्त चर्चा गरिएको छ । यसका साथै स्वस्थ्य , सरसफाइ तथा वातवरणीय क्षेत्रमा भए गरेका प्रभावपूर्ण कार्यहरुको उपलब्धिलाई नियाल्दै यो गाविस खुला दिसा मुक्त भइसकेपछिको सरसफाइ र स्वास्थ्य सम्बन्धी वास्तविक अवस्थाको वारेमा विविध रुपरेखा हरु तयार गरिनेछ । सरसफाइको क्षेत्रमा मानवीय गतिविधिको चित्रण गरिने छ । हरेक व्यक्ति एवं परिवारका आआफ्नै समस्या, आवश्यकता र चुनौतिहरु भएको र सोही बमोजिम उपलब्धिपूर्ण सफलता हासिल गर्न सकेको परिप्रेक्षमा उनीहरुका वस्तविक गतिविधिहरुको पहिचान गर्न व्यक्तिगत अध्ययनको महत्वलाई समेटिएको छ । जसले  सामाजिक , साँस्कृतिक , शैक्षिक , आर्थिक , व्यवहारिक आदि क्षेत्रहरुमा फरक फरक ढङ्गले गरिएका विभिन्न क्रियाकलापहरुको बारेमा एउटा ठोस निष्कर्ष निकाल्न सकियोस् किनकि हरेक अध्ययनहरुको क्षेत्रीय स्थलगत अध्ययनबिना अन्य कुनैपनि अध्ययन एवं अनुसन्धानहरु प्रभावकारी एवं महत्वपूर्ण ठहर्दैनन् । त्यसैले यस शोध कार्यमा यस प्रकारको विधि अपनाइएको छ ।

# अध्याय दुई

## पूर्व साहित्यको पुनरावलोकन

### २.१. सैद्धातिक पुनरावलोकन

सुभाङ्ग गाविसको यस पूर्वको सामाजिक अवस्था र परिवर्तित वर्तमान अवस्थाको तुलनात्मक अध्ययनलाई मूर्तरुप दिइएको छ । सिद्धान्ततः देखिएका विविध विषय वस्तुहरु परिवर्तित सामाजिक परिवेश एवं व्यवहारिक क्रियाकलाप सँगै वर्तमान अभियानकै रुपमा देखापरेको पूर्णसरसफाइजस्तो सामाजिक गतिविधिलाई नजिकैबाट नियाल्ने प्रयास गरिएकोछ ।

यसरी पूर्ण सरसफाइ सम्बन्धी पूर्वप्रकाशित पार्श्वचित्र एवं सरसफाइका सन्दर्भमा पत्रपत्रिकामा प्रकाशित विभिन्न आलेख एवं समाचार हरुले यस पूर्वको सुभाङ्गको सामाजिक अवस्थाको चित्रण र वर्तमान सामाजिक अवस्थाको चित्रणलाई स्पष्ट बोध गर्न सक्नेगरी पूर्व अध्ययनले छर्लङ्ग्यग्याइएको छ । साथै यसरी देखिएका विभन्न आधारभूत कुराहारुको अध्ययनले निश्चित मापदण्डको आधार लाई सरल एवं सहज तुल्यएको छ । अतः पूर्व अध्ययनको पुनरावलोकन यसको महत्वपूर्ण पक्ष हो । जसअनुसार यसपूर्व सामाजिक रुपमा देखापरेका विभिन्न कठिन एवं गम्भिर चुनौतिहरुको समेत सामना गर्नु त पर्‍यो नै तरपनि मनिसको जीवन सँग गाँसिएका अत्यन्तै महत्वपूर्ण विषयहरु मध्येको सरसफाइ नै अपरिहर्य विषय बन्यो । जसले मानवीय सोच विचार एवं व्यवहारमा समेत हलचल मच्चाई केही परिवर्तन ल्याउन खोज्छ भन्ने तर्फ सबैको साझा सोच बन्यो । जसका कारण विभिन्न क्षेत्रसँग सहकार्य भयो । परिणामस्वरुप यो खुला दिसा मुक्तले प्रगति हासिल गर्‍यो । यो शोधपत्र भन्दा पूर्व अरु कुनै अध्येताले यस विषयमा कुनै पनि शोधखोज गरी अध्ययन गरेको नपाइएकाले यो वषयको यो अध्ययन पहिलो र महत्वपूर्ण बनेको हो । साथै यहाँ उल्लेख गरिएका सरसफाइ सम्बन्धी सम्पूर्ण क्रियाकलापहरु पाँचथर जिल्लाका अन्य गाविसका क्रियाकलापसँग मेल नखान सक्छ । अतः यो अध्ययन शोधकर्ताको व्यत्तिगत अध्ययन हो र यस अध्ययनले कोही र कसैलाई नकारात्मक प्रभाव पार्ने छैन भन्ने कुरामा यो शोधार्थी विश्वत छ ।

समाजका विभिन्न अङ्गहरु मिलेर कुनै खास खालको सामाजिका संरचनाको निर्माण हुन्छ । त्यस्तो समन्वयात्मक स्वरुपलई सामाजिक संरचना भनिन्छ । सामाजिक व्यवस्था विर्माणमा मूल्य

मान्यता, परम्परा, रीतिरिवाज, चालचलन, धर्म, संस्कृति भेषभुषा आदि खास खालका संरचनाहरुमा आवद्ध भएर रहेका हुन्छन् । धर्म, संस्कृति, रीतिरिवाज तथा सभ्यताको द्योतकको रुपमा रहेको खुला दिसामुक्त अभियाले सामाजिक संरचनालाई पूर्णता दिन सहयोग गरेको देखिन्छ । परम्परागत रुपमा जहाँ पायो त्यहीँ दिसा पिसाव गर्नाले सामाजिक मन्यता, सामाजिक प्रतिष्ठा ,सामाजिक स्वास्थ्य संस्कृति तथा मानवीया जनजीवनलाई आघात पुग्ने भएकाले यो अभियानले असल समाज निर्माणमा विशेष महत्व दिएको छ । सामाजिक संरचना लाई पूर्णता प्रदान गर्ने यो आभियान समाज शास्त्र मानव शास्त्र अन्तर्गतको प्रकार्यवाद को सिद्धान्तमा आधारित रहेकोले यसै मान्यतामा अडिएर यो सोधापत्र तयार गरिइको छ ।

## २.२ वर्णनात्मक पुनरावलोकन

सरसफाइका दृष्टिले हेर्ने हो भने अझैपनि ग्रमिण भेगमा सरसफाइ र स्वच्छताको चेतना को विकास भने आशातीत रुपमा प्राप्त गर्न सकिएको छैन । यसको मुख्य कारण हो परम्परागत सोच सवं व्यवहार । हुन त वर्तमान शिक्षा र स्वास्थ्य को क्षेत्रमा शैक्षिक तथा सूचनामूलक सूचकहरुले पनि पूर्ण सरसफाइको अभियानतर्फ उन्मुख गराउने प्रयास नगरेको पनि होइन । तर पनि अपेक्षाकृत रुपमा भने यसको प्रतिफल प्राप्त हुन सकिरहेको छैन । सरसफाइतर्फ परिलक्षित आमूल परिवर्तनका कतिपय कुराहरु चुनौतिका रुपमा देखापरेका छन् । अतः यसतर्फ विशेष जोड लिनु नितान्त आवश्यका छ । किनकि सफा  र स्वच्छ रहनाले र सफा र स्वच्छ भोजन गर्नाले विभिन्न रोगहरु लाग्नबाट र अकाल मृत्युको मुखबाट बच्न सकिन्छ । त्यसैले पूर्ण सरसफाइको उपलब्धि नै मुख्य गरी सरसफाइ र स्वच्छताको ज्ञान हुनु हो । जसले गर्दा सरसफाइ मानव स्वस्थ्यसँग प्रत्यक्ष सरोकारको विषय बन्दछ ।

### २.२.१ सरसफाइको वर्तमान अवस्था

नेपालमा सरसफाइको अवस्थालाई नियाल्दा सन् १९८० को दशकको सुरुवात सम्म देशमा सरसफाइ सम्बन्धी तथ्याङ्क राख्ने चलनको विकाश भएको पाइँदैन । तथापि त्यस अवधिसम्ममा करिव २ प्रतिसत जनतालाई मात्र चर्पी सुबिधापुगेको अनुमान गरिएको छ । सन् १९९० सम्ममा केवल ६ % जनतालाई मात्र चर्पीको सुबिधा प्रप्तभएकोमा सन् १९९६ मा १५ % जनतालाई यो सुबिधा  प्राप्त भएको भेटिन्छ । त्यसैगरी सन् २००१ सम्ममा २५ % जनताले चर्पीको सुबिधा

उपभोग गरेका थिए  भने सन् २००५ साम्ममा यो संख्या बढेर ३९ % पुग्यो । (स्रोतः खानेपानी तथा ढल निकास विभाग र युनिसेफ २००६) ।

हालसालै खानेपानी तथा ढलनिकास विभाग राष्ट्रिय सूचना व्यवस्थापन आयोजना द्वारा सार्वजनिक गरिएको तथ्याङ्क अनुसार देशमा करिव ६२ % जनतामा सरसफाइको पहुँच रहेको पाइएको छ । खानेपानी तथा ढल निकास विभाग स्थित राष्ट्रिय सरसफाइ कार्य सञ्चालन समितिका सचिवालयमा उपलब्ध रेकर्डअनुसार हाल सम्म ३५ वटाजिल्ला खुला दिसा मुक्त भइसकेको छ र यो क्रम तीव्र रुपम अगाडि बढिरहेको छ । (स्रोतः खाने पानी तथा सब डिभिजनको कार्यालय )

## २.२.२ नेपालका सन्दर्भमा सरसफाइ

आज सरसफाइ मानव स्वास्थ्यका अतिरिक्त अत्मसम्मान र मानव सभ्यताको विकाससँगै जोडिएको विषय भएको छ । यसर्थ सरसफाइ र स्वच्छता , खानेपानीको पहुँच आधारभूत मानवअधिकार भएको कुरा स्वीकार्दै यसको महत्व , अवस्था, आवश्यकता र संवेदनशीलता लाई मध्यनजर राखी नेपाल सरकारले सरसफाइ प्रवर्धन कार्यक्रम लाई तिब्रताका साथ अगाडि बढाइरहेको छ । यसै अभियानमा हातमाहात मिलाउँदै यससँग सम्बन्धित विभिन्न सरोकारवालाहरु कार्यक्रममा अग्रसर रहेकाछन् । नेपालमा विगत ११ वर्षमा चर्पीको पहुँच ३० प्रतिसतबाट बढेर ६२ प्रतिसत पुगेको छ । यस तथ्याङ्कबाट वार्षिक सरदर चर्पी वृद्धिदर करिव ३ प्रतिसत रहेको छ । नेपाल सरकारले सन् २०१५ सम्ममा ८० प्रतिसतबाट सन् २०१७ सम्ममा शतप्रतिसत घर परिवारमा चर्पीको पहुँच पुऱ्याउने लक्ष लिएको छ । तसर्थ सन् २०१७ सम्ममा राष्ट्रिय लक्ष प्राप्त गर्न चर्पी निर्माणको वृद्धिदर ३ प्रतिसतबाट बढाएर दोब्बर अर्थात् ६ प्रतिसत पुऱ्याउन आवश्यक छ । (स्रोतः  सरसफाइ गुरुयोजना २०६८ ) । यसरी  सरसफाइ गुरुयोजना २०६८ समेत सार्वजनिक भइसकेकाले यतिवेला मुलुकभर नै सरसफाइ सम्बन्धी विभिन्न गतिविवधिहरु तीव्ररुपमा भइरहेका छन् । आज विश्वले नै यसको सुनियोजित ढङ्गले उचित व्यवस्थापन गरी सञ्चालन गरिरहेको सन्दर्भमा हाम्रो देश नेपालका विभिन्सान्दर्भिकतालाई मध्यनजर राखी यो पाँचथर जिल्लालाई पनि स्वस्थ र सफा राख्न र जिल्लावासी सबैलाई स्वस्थ, सफा र सभ्य नागरिकका कदम चालिएको हो ।

### २.२.३ पाँचथर जिल्लामा सरसफाई सम्बन्धी भएका महत्वपूर्ण प्रयासहरु

नेपालको सुदूरपूर्वमा रहेको पाँचथर जिल्ला एक नगरपालिका ३८ गा.वि.स. र १३ इलाकामा विभाजित छ । प्राकृतिक भू-बनोट, नदीनाला, ऐतिहासिक मठमन्दिर जातीय परम्पराको सुन्दर मालामा एकत्रित यो जिल्ला १२४१ वर्ग किलो मिटर सम्म फैलिएको छ । समुद्री सतहबाट ६०९ मि. देखि ३६७५ मि. सम्म रहेको छ । जम्मा जनसंख्या १९८३६२ (महिला १०४४७८,पुरुष ९३८८४) रहेको छ । राई, लिम्बु, क्षेत्री ब्रामण, कामि, दमाइ, सार्की, नेवार, तामाङ्ग, सेर्पा, माझी विचको जातिय सद्भाव अन्य जिल्लाका लागि अनुकरणिय छ ।(स्रोतः खानेपानी तथा सरसफाइ डिभिजनको कार्यालय पाँचथर )

### २.२.४ <u>खानेपानी र सरसफाईमा पाँचथर</u>

करिव ७० प्रतिशत घरधुरीमा खानेपानीको पहुँच रहेको जिल्लामा नेपाल सरकार गोर्खा वेलफेयर, ए.डि.वि. र युनिसेफ जस्ता सरकारी तथा गैह्रसरकारी निकायको योगदान महत्व पूर्ण रहेको महसुस हुन्छ । बाढी पहिरो, वढ्दो विषाधि प्रयोग, तिव्र जनसंख्याको वृद्धि, अव्यवस्थित बजारीकरण र मेसेनरी औजारको प्रयोग भुकम्पीय धक्का वन विनास आदिका कारण जिल्ला भित्रका करिव २५ प्रतिशत पानीका मुहानहरु सुक्तै गएको अवस्था र प्रसिद्ध ताल तलैयाहरु जस्तै जोरपोखरी आदि क्रमिक रुपमा पानी बिहिन अवस्थामा पुग्नुले अवको १५ वर्ष पछाडि खनेपानीको संकट यस जिल्लाले व्यहोर्नु  पर्ने अवस्था आउन सक्तछ । वर्तमान अवस्थामा यस जिल्लाका यासोक, रानीगाउँ, स्यावरुम्वा, आङना, मौवा, माङजाबुङ, हाङगुम जस्ता गा.वि.स. हरु सुख्खा ग्रस्त क्षेत्रका रुपमा परिचित छन् । ती गाविसका वासिन्दाहरु खानेपानीको चर्को समस्याले बसाईं सरि अन्यत्र गएको अवस्था हृदयविदारक छ ।

जसरी नेपालको राजनैतिक चेतना आएको पाइन्छ । २००७ सालको राणा विरोधि क्रान्ति २०३७ सालको जनमत संग्रह २०४६ सालको जनआन्दोलन २०६२/६३ को लोकतान्त्रिक जनआन्दोलनले जनतामा राजनैतिक चेतना आएको पाइन्छ तर स्वास्थ्य र सरसफाइको क्षेत्रमा पुनरावलोकन गर्दा २०४७ सालमा ६%, २०५१ सालमा १५%, २०६८ सालमा ४३% नेपालीहरुको घर परिवारमा मात्र चर्पी हुनु, स्वास्थ्य र सरसफाइमा चेतना आउन नसक्नु विडम्वना नै हो । २०६८ साल सम्म आइपुग्दा पाँचथर वासिहरुको करिब २२% घरधुरिहरुमा मात्र मापदण्ड

अनुसारको चर्पी भएको पाईन्छ। बाँकी ७८% घरधुरी कच्ची तथा खुल्ला रुपमा दिशा-पिसाव गर्दै आएको स्पष्ट हुन आउँछ। (स्रोत:जिल्ला खानेपानीको कार्यालय पाँचथर )

२०६८ सालमा जारि गरिएको राष्ट्रिय गुरुयोजना अनुसार सन् २०१७ सम्ममा सबै नेपालीको घरमा खानेपानी र चर्पीको व्यवस्था गर्ने नेपाल सरकारको प्रतिवद्धता अनुसार २०६९ साल माघवाट कार्ययोजना निर्माण गरि जिल्ला स्तरिय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समिति अगाडि बढेको पाइन्छ। जिल्लास्तरिय सचिवालय स्थापना, सरसफाई कार्यलय निर्माण, गा.वि.स. स्तरिय खानेपानी तथा सरसफाई समन्वय समिति निर्माण, विभिन्न संघ संसस्था हरुको क्षमता विकास गर्नाले यस जिल्लालाई खुल्ला दिसामुक्त क्षेत्र घोषणमा सहयोग पुऱ्याएको पाइन्छ।

- करिव ३७९३३ घरधुरी रहेको यसजिल्लामा सरसफाइ अभियान सञ्चालन गर्नुभन्दा पहिला ९६४० घरधुरी हरुमा मात्र शौचालय भएको पाइन्छ। ***"दिगो सरसफाइ प्रवर्धनमा पाँचथरबासीको ऐक्य बद्धता , सरसफाइयुक्त नमुना जिल्ला बनाउने हाम्रो प्रतिद्धता"*** भन्ने मुल नारालाई आत्मसात गर्दै पाँचथरवासिहरुले २०६९ पौष देखि २०७० पौष भित्रमा खुला दिसा मुक्त गरी सक्ने लक्ष लिएर अगाडि बढेको पाँचथर जिल्ला निम्न क्रियकलापका साथ जिल्लालाई २०७० साल माघ १२ गते पुर्वाञ्चलको पहिलो खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्न सफल भयो।
- जिल्ला खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समिति गठन।
- सरसफाई रणनितिक योजना निर्माण र कार्यन्वयन।
- जिल्ला खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिको निय.सरसफाई सम्वन्धी बृहत जिल्ला स्तरिय सम्मेलन र गा.वि.स.को O.D.F घोषणा सहितको कार्ययोजना निर्माण।
- दानवीर कार्यक्रम र जिल्ला सरसफाइ कोषको ब्यावस्था।
- सचिवालय तथा जनशक्तिको ब्यावस्थापन।
- सेवा प्रदायक संथा छनौट र खुल्ला दिशामुक्त गाविस घोषणाको जिम्मेवारी प्रदान।
- Base Line Survey र अध्यावधिक तथ्याङक सङकलन।

- जिल्ला स्थित राजनैतिक दल, सञ्चारकर्मी, गौरसरकारी निकायका लागि गोष्ठीको आयोजना र प्रतिवद्धता व्यक्त ।
- प्रज्वलक शौचालय, मिस्त्रि तालिम सञ्चालन ।
- गाविसस्तरिय सरसफाई कोषको स्थापना, सहयोगि संघ सस्था एंव व्यक्तिहरु/दनवीरहरु वाट रकम संकलन तथा परिचालन ।
- सन्देश मुलक  सडक नाटकको आयोजना ।
- मध्यावधिक समिक्षा ।
- नियमित अनुगमन र सुपरिवेक्षण ।

२०७० साल माघ १२ गते पाँचथर जिल्लालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरे पश्चात यस्तो दिगोपना र स्थायित्वको लागि जिल्ला स्तरिय खानेपानी सरसफाई तथा स्वच्छ समितिको बैठक बसी जिल्लालाई पूर्ण सरसफाईतर्फ उन्मुख गराउने निर्णय गऱ्यो र जिल्लाको सरसफाई रणनितिक योजना निर्माणको लागि खानेपानी तथा सरसफाई डिभिजन कार्यालय पाँचथरका इन्जिनियर श्री विजय ठाकुर संयोजक रहेको पाँच सदस्यिय एक कार्यदल गठन भयो जुन कार्यदलमा नेपाल रेडक्रस सोसाइटि वाट रुद्र अधिकारि, खानेपानी तथा सरसफाई उपभोक्ता महासंघवाट श्री घनेन्द्र रिजाल वैकल्पीक उर्जा विकाश वाट श्री नन्द नेम्वाङ र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बाट पुण्यप्रसाद सेडाइ रहनु भएको थियो ।

(स्रोत : खानेपानी सबडिभिजन कार्यालय पाँचथर)

### २.२.५ कार्यालयले पुरा गरेका जिम्मेवारीहरु

एक महिना लामो छलफल प्रकृया पछी वि.सं २०७३ साल सम्ममा पाँचथर जिल्ला लाई देशको एक नमुना जिल्ला बनाउने परिकल्पनाका साथ ३३ पृष्ठ लामो सरसफाई रणनितिक योजना २०७०-०७३ मस्यौदा तयार गरि आफ्नो जिम्मेवारी पुरा गरि जिल्ला स्तरिय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिमा अनुमोदनको लागि प्रश्तावको रुपमा लग्यो । व्यापक छलफल र संसोधन सहित जिल्लाको रणनितिक योजना पारित भयो र हाल सोहि रणनितिक योजनाको लक्ष र उदेश्य अनुसार पाँचथर जिल्लामा चरणवद्ध रुपमा पूर्ण सरसफाई कार्यक्रम सञ्चालन भइरहेको छ ।

## २.२.६ कार्यक्रमले पुऱ्याएको सहयोग

- घरधुरी सर्भेक्षण,
- नर्माण कार्य पुरा नभएका चर्पीहरुको पहिचान गरि निर्माण कार्य सम्पन्न,
- विद्यालयहरुको लागि खानेपानीको ब्यवस्था पहिचान भई आवश्यक पाईप उपलब्ध गराइएको ,
- विद्यलय, वालक्लव, राजनैतिक दल, V WASH CC पदाधिकारिहरुलाई पुर्ण सरसफाई सम्वन्धी चेतना मुलक तालिम प्रदान गरिएको ।

पाँचथर जिल्लालाई सरसफाइमा नुमना जिल्लाको रुपमा स्थापित गर्नका लागि निरन्तर प्रयासअनुरुप तेस्रो चरणमा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय पाँचथर बाट २०७३ साल माघ २० गते देखि २०७३ साल आषाढ १५ गते सम्म ७ गाविसका ६३ वटा वडा र ६३ वटा विद्यालयहरुमा वडा नागरिक मञ्च र विद्यालय बालक्लवसंग संझौता सम्पन्न गरि कार्यक्रमलाई अगाडि बढाएको थियो । (स्रोत : जिल्ला खानेपानी सबडिभिजन कार्यालय पाँचथर)

## २.२.७ सुभाङ्ग गाविसको सन्दर्भमा सरसफाइ अभियान

पाँचथर जिल्लाका १ नगरपालिका र ३८ वटा गाविस मध्ये सुभाङ गाविस पनि एक हो । यो गाविस पाँचथरको भारपा, पञ्चमी , अमरपुर ,तेह्रथुम जिल्लाको छातेढुंगा गाविसको विचमा रहेको छिमेकी गाविस हो । यसको क्षेत्रफल १६.२० वर्गकिलोमिटर रहेको छ ।(स्रोतः सुभाङ्ग गाविसको कार्यालय ) । सन् २०१७ सम्ममा खुला दिसा मुक्त गरी सक्ने लक्ष सहित लागि परेको देशको खुला दिसा मुक्त अभियानको क्रममा जिल्लाको दशौं गाविसको रुपमा रहेको छ । पाँचथर जिल्लालाई खुला दिसामुक्त घोषणा गर्ने लक्ष निर्धारण भइसकेको सन्दर्भमा यसरी पूर्ण सरसफाइ कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी गाविसको सहभागितालाई अपरिहार्य ठानियो । पूर्ण जिल्लालाई नै खुला दिसामुक्त बनाउनका लागि एउटा संस्थाले मात्रै नसक्ने भएकाले पाँचथर जिल्लामा खुला दिसामुक्त गर्नका लागि विभिन्न संघ संस्थाहरु मध्ये नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा पाँचथरले सुभाङको जिम्मा लिएको थियो । जसले कार्यक्रम सञ्चालन गर्नका लागि V WAS CC र वडा सरसफाइ स्वच्छता न स्थानमा यसको महत्वलाई अपरिहार्य ठानी चर्पी निर्माणको अभियानलाई अगाडि बढाइरहेको पाइन्छ । यिनै

समन्वय समिति गठन गरी विद्यालय सहकारी संघ संस्था , वडागत अभिमुखीकरणका साथमा सञ्चार माध्यम द्वारा प्रचार प्रसार गरी कार्यक्रम अगाडि बढाइयो । सुरुमा सुभाङ गाविसको वार्डनं १ र ८ वडा लाई खुला दिसामुक्त गरी २०७० जेष्ठ २२ गते पूर्ण गाविसलाई खुलादिसा मुक्त घोषणा गर्‌यो । जुन कार्यक्रममा स्थानीय विकास अधिकारी ज्यूको प्रमुख आतिथ्यमा खानेपनी कार्यालयका प्रमुख, रेडक्रसका सभापति, सुभाङ गाविस सचिव लगायत अन्य सरोकावालाको आम भेला गराइएको थियो । जसको परिणाम स्वरुप ४७९९ जनसंख्या भएको ९८८ (स्रोत : जनगणना २०६८) (हाल ९०७) घरधुरी भएको सुभाङ गाविसमा सो समयमा ९० प्रतिसत घरहरुमा पक्की चर्पी निर्माण भई प्रयोगमा समेत आई पाँचथर जिल्लाको खुला दिसामुक्त भएका गाविस मध्ये यो गाविस दशौं गाविसको रुपमा रहेको छ । (स्रोतः गाविसको कार्यालय सुभाङ्ग)

## २.२.८ खुला दिसामुक्तका लागि विभिन्न सरोकारवालाहरुको प्रतिबद्धता

***"दिगो सरसफाइ प्रवर्धनमा पाँचथरबासीको ऐक्य बद्धता , सरसफाइयुक्त नमुना जिल्ला बनाउने हाम्रो प्रतिद्धता"*** भन्ने मूलनाराकासाथ खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति (D-WASH-CC)पाँचथरको आयोजनामा सञ्चालन गरिएका विभिन्न कार्यक्रमा अन्तर्गत सञ्चालन गरिएका कार्यक्रम हरुमा जिल्ला भित्र रहेका विभिन्न राजनीतिक दल , गैसस, खानेपानी कार्यालय, गाविस , मालपोत कार्यालय ,स्वस्थ्य कार्यालय, प्रहरी ,जिल्लाशिक्षा कार्यालय आदि संघ संस्थाहरुको सामुहिक प्रतिबद्धता भएपश्चात यस गाविसमा पूर्णसरसफाइ सम्बन्धी अभियानको सुरुवात भयो । यस अभियानको सुरुवातसँगै नेपाल रेडक्रस सोसाइटी पाँचथरले जिम्मा लिएको यस गाविसको खुला दिसामुक्त अभियानमा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय पाँचथर , सुभाङ्ग गाविस परिवार, वडा सरसफाइ समन्वय समिति , गाउँ खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय समिति , स्थानीय राजनीतिक दल, विभिन्न विद्यालय परिवार, विभिन्न विद्यालयका बालक्लव , गाविस स्थित स्वस्थ्य चौकी , समाजसेवी, स्थानीय क्लवहरू, सरोकारवाला, सञ्चार जगत आदिको निरन्तर सहयोग र सहभागिता रह्यो ।

## २.२.९ खुला दिसामुक्त घोषणा र प्रतिबद्धता

सुभाङ्ग गाविसलाई खुला दिसामुक्त घोषणा गर्नका लागि सुभाङ्गबासी सरोकारवालाहरुले गरेको प्रतिबद्धता यस्तो रहेको छ । "पाँचथर जिल्ला सुभाङ्ग गाविस हामी सम्पूर्ण व्यक्तिहरुले

राष्ट्रिय सरसफाइ गुरु योजना २०६८ को मार्ग दर्शन अनुरुप एक घर एक चर्पी प्रवर्धन गरी आजका मिति सम्ममा यस गाविसका पम्पूर्ण घारहरुमा शौचालयको निर्माण तथा प्रयोग गरिएको हुँदा आज मिति २०६९ जेठ २२ गते बुधबारका दिन यस गाविसलाई खुला दिसामुक्त गाविस घोषणा गर्दछौं । यस धारणा पछि पनि सरसफाइका गतिविधिलाई निरन्तरता दिँदै सरसफाइ प्रवर्द्धनमा जुटिरहने तथा साबुन पानीले हात धुने बानी व्यवहारको विकास गर्ने सबै कार्यमा जुट्ने जिल्ला खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय समितिका सल्लाहकार, अध्यक्ष एवं अन्य पदाधिकारी हरुको उपस्थितिमा सामूहिक प्रतिबद्धता व्यक्त गर्दछौं ।" (स्रोत : सुभाङ्ग गाविसको कार्यालय )

वस्तवमा सरसफाईको सैद्धान्तिक ज्ञान भएर मात्रै पूर्ण हुदैन । जसका लागि व्यवहारिक रुपमा लगु गरिएको हुनुपर्छ । अनि मात्र सरसफाइ र स्वच्छताको अवधारणा पनि पूर्णरुपमा सफलतातर्फ उन्मुख हुन सक्छ । जसअनुसार यस पूर्व सामाजिक रुपमा देखापरेका विभिन्न गम्भीर र कठिन चुनौति हरुको सामना गर्नु त पर्‍यो नै तरपनि मानिसको जीवन सँग गाँसिएका अत्यन्तै महत्वपूर्ण विषयहरु मध्येको सरसफाइ नै अपरिहार्य विषय बन्यो । जसले मानवीय सोच बिचार एवं व्यवहारमा समेत हलचल मच्चाइ सही परिवर्तन ल्यउन सक्छ  भन्ने तर्फ सबैको साझा सोच बन्यो जसका कारण विभिन्न क्षेत्रसँग सहकार्य भयो । परिणामास्वरुप यो खुला दिसामुक्तको प्रगति हासिल हुनपुग्यो ।

## २.३ विभिन्न निकाय, सरसफाइविज्ञ एवं विभिन्न समाजशास्त्रीहरुको सरसफाइ एवं स्वच्छताप्रतिको अवधारण

सरसफाइ एक बहुआयामिक पक्षहरु समेटिएको विषय हो । जसअन्तर्गत स्वास्थ्य, प्रतिष्ठा, र मानव संसाधनको विकासका पक्षाहरु समेटिएका हन्छन् तथापि सामान्य बोलचालको भाषामा सरसफाइ घर आँगनको सफाइ फोहोर मैला व्यवस्थापन र व्यक्तिगत स्वच्छता भनेर पनि बुझ्ने गरिन्छ । (अधिकारी  २०१२)

दिसा पिसावको सुरक्षित बिसर्जन गर्नु सरसफाइको महत्वपूर्ण पक्ष हो  । कुनैपनि तोकिएको क्षेत्रमा खुला स्थानमा दिसा नहुनु नै खुला दिसा मुक्त हुनु हो । (नेपाल सरकार गुरुयोजना २०६८)

पूर्ण सरसफाइले आफैंमा सरसफाइको पूर्णता जनाउँदैन बरु यसले सरसफाइको निरन्तरता र पूर्णतातर्फ उन्मुख हुने कुरा इंकित गर्दछ । परम्परागत रुपमा चर्पी निर्माण र चर्पीमा दिसा पिसावको व्यवस्थापन आदि पक्षमा केन्द्रित रहेर सरसफाइ को व्याख्या र विश्लेषण गर्ने गरिन्थ्यो । तर सन् २००३ मा बंगलादेशबाट community led total sanitation –CLTS को उत्पति सँगै सरसफाइलाई बुझ्ने दायरा पनि फराकिलो बन्दैं गयो । मूलत समुदायको मन मस्तिष्क छुनेगरी जन जागृति निर्माण गरी खुला दिसामुक्त क्षेत्र विकास गर्ने गरी सामुदायिक सचेतना जागृत गर्ने तर्फ पूर्ण सरसफाइले जनाउ दिन्छ । खुला दिसा गर्दा लाज, सरम, घृणाको आत्मबोध मार्फत् समुदायलाई स्वस्थ्यकर र आत्मसम्मानको अवस्थामा रहन पूर्ण सरसफाइले उत्प्रेरित गर्दछ । (नेपाल सरकार गुरुयोजना २०६८)

समुदायको अगुवाइमा पूर्णसरसफाइको सिद्धान्तमा आधारित रही नेपालमा पनि विद्यालयको अगुवाइमा पूर्ण सरसफाइ school led total sanitation–SLTS को पद्दति कार्यान्वयनमा ल्याइयो । ( खानेपानी तथा ढल निकास विभाग र युनिसेफ -२००६ )

यस विधिले विद्यालयलाई उत्प्रेरक संस्था शिक्षक एवं विद्यार्थीलाई परिवर्तनका संवाहक मानेर विद्यालयको सेवा क्षेत्रलाई खुला दिसामुक्त र सरसफाइयुक्त बनाउने पक्षमा ध्यान दिएको छ । विद्यालयमा गरिने सरसफाइ सम्बन्धी सूचामूलक क्रियकलापबाट समुदायमा समेत ठोस जागरण आउन सकेको छ । नेपालमा विद्यालय र समुदायका अगुवाइमा पूर्ण सरसफाइको मेरुदण्डको रुपमा लिइएको छ । (नेपाल सरकार २०१२)

पूर्ण सरसफाइको सूचना मार्फत मिलेको सफलतालाई आधार मानी नेपाल सरकारद्वारा सन् २०१२ मा सरसफाइ गुरुयोजना कार्यान्वयनमा ल्याइएको छ । गुरुयोजनाले स्थानीय निकायको नेतृत्व सरोकारवालाहरुको साझेदारी र समुदायको अपनत्वलाई संस्थागत गरेको छ । (नेपाल सरकार २०१२)

सरसफाइ गुरुयोजना मुताविक जिल्ला, गाविस, नपा तहमा तर्जुमा र कार्यान्वयनमा ल्याइएका सरसफाइ सम्बन्धी रणनीतिक योजनाको कार्यान्वयनमार्फत पूर्ण सरसफाइ अभियानलाई थप बल, मल, र जल प्रदान हुन सकेको छ ।

खानेपानी तथा ढलनिकास विभाग र विश्व स्वास्थ्य संगठनले गरेको एक अध्ययन अनुसार खुला दिसामुक्त घोषणा भैसकेका केही स्थानहरुमा सतप्रतिशत चर्पीको प्रयोग र

साबुन पनीले हात धुने बानीको विकास हुन अझ बाँकी रहेको कुरा औंल्याइएको छ । (खानेपानी तथा ढल निकास विभाग २०१२)

खुला दिसामुक्त घोषणा पश्चात समुदायको सरसफाइप्रतिको उत्साहमा समेत सिथिलता देखापर्ने गरेको पूर्ण सरसफाइ अभियानमा केही कमीकमजोरी छन् । तथापि खुला दिसामुक्त अभियान सँगै समुदायको सरसफाइको अवस्थमा भने क्रमिक सुधारहरु देखा परेका छन् । खुला दिसामुक्त घोषणा पश्चात कुनै समय झाडा पखाला र हैजाले आक्रन्त पाँचथर जिल्ला लगायतका पूर्वका केही पहाडी जिल्लाहरुमा भने हाल झाडापखालाका घटनाहरु घटित नभएको देखिएको छ ।

यो अध्ययन नितान्त स्वास्थ्यसँग सम्बन्धित भएको हुनाले विभिन्न पत्रपत्रिका र यससँग सम्बन्धीत विभिन्न कार्यालयमा राखिएका रेकर्डहरु बाहेका क्षेत्रगत रुपमा मसिनो गरी यस गाविसको स्वस्थ्य सम्बन्धी प्रमाणित कागजातहरु नभेटिएकोले यो शीर्षकको अनुसन्धान पाँचथर जिल्ला अन्तर्गतको पहिलो र पहत्वपूर्ण अनुसन्धान भएको छ । यो अनुसन्धान नितान्त व्यक्तिगत भएकोले कसैलाई पनि नकारात्मक प्रभाव नपरोस् भनी यो शोधार्थी विश्वस्त रहेको छ ।

# अध्याय तीन

## ३.१ क्षेत्र छनोटको औचित्य

अध्ययनलाई ब्यवस्थित रुपबाट अगाडि बढाउनका लागि र अध्ययनको उद्देश्य पूरा गर्नकालागि निश्चित विधि प्रकृया र मान्यतालाई अवलम्बन गर्नु पर्ने हुन्छ । जसले गर्दा अध्ययन

पूरा गर्नेकार्य सरल र सहज हुन्छ । त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर उपाधि प्रप्तिका लागि गरिएको  यस अध्ययनमा गुणात्मक र सङ्ख्यात्मक तथ्याङ्कहरु रहने भएको हुनाले गुणात्मक तथ्याङ्कलाई वर्णनात्मक रुपमा र सङ्ख्यात्मक तथ्याङ्कलाई विश्लेषणात्मक रुपमा व्यख्या गरी अर्थ्याइने हुँदा यो अध्ययनमा वर्णनात्मक र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ । जसअनुसार सङ्ख्यात्मक तथ्याङ्कमा सुभाङ्ग गाविसको जनसङ्ख्या,जातजाति घरधुरी सङ्ख्या, जम्मा चर्पी सङ्ख्या आदि तथ्याङ्कलाई उल्लेख गरिएको छ । यसैगरी गुणात्मक तथ्याङ्क एवं सूचनाको हकमा अवलोकन, स्थलगत अध्ययन, अन्तर्वार्ता ,प्रश्नोत्तरका अतिरिक्त विभिन्न भनाई हरुबाट प्राप्त कुराहरुलाई विश्लेषणात्मक ढङ्गबाट प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## ३.२. नमुना छनोट विधि

सुभाङ्ग गाविस निवासी सबै जातजातिका मानिसहरुलाई अध्ययनको समग्रतामा समेटिएको छ भने तथ्याङ्क सङ्कलनका लागि भने जम्मा जनसंख्या ४७९९ (२२९० पुरुष र २५०९ महिला) भएको गाविसमा अध्ययन कर्ताको समय र आर्थिक स्रोतका अभावले अध्ययनको नमुनाका लागि सबैजनतालाई नमुनाको रुपमा समेट्न नसकिने भएकाले कुल जनसङ्ख्या मध्ये विभिन्न जातजाति, धर्म, संस्कृति, वर्ग, लिङ्ग, उमेर आदिलाई आधार मानेर १०० जना जनसंख्या छनोट गरी १०० जना प्रतिनिधि मानिसलाई उत्तरदाताको रुपमा आकस्मिक नमुनाछनोट पद्दति अपनाइएको छ ।

## ३.३. नमुना छनोटको आधार

अध्ययनको सिलसिलामा सबैभन्दा पहिले घरदैलोमा पुगेर सरसफाइका अतिरिक्त चर्पीको समेत अवलोकन गरियो । जसमा यस गाविसमा रहेका जम्मा  ९८८ घरधुरी मध्ये कम्तिमापनि लगभग ११ प्रतिशत अर्थात १०० घरधुरी छानियो । प्रत्येक घरबाट एक एक जना प्रतिनिधिमूलक व्यक्तिलाई सहभागी गराइयो । यसरी नमुना छनोट गर्दा विभिन्न जात, जाति, लिङ्ग, वर्ग, पेशा, उमेर आदि विभिन्न अवस्था जस्ता फरक फरक किसिमका र सकेसम्म समावेशी तवरले यी घरहरुलाई नै प्रतिनिधि नमुनाको रुपमा लिइयो । जसले गर्दा यो अध्ययनको उद्देश्य बमोजिम समग्र सुभाङ्ग गाविसमा भए गरेका पूर्णसरसफाइ गतिविधिको झलक समेट्न पाईयोस् भन्ने लक्ष्यका साथ यस विधिलाई अपनाइयो । जुन विधि अध्ययन कार्यका लागि प्रभावकारी एवं सहयोगी सिद्ध बन्न पुगोस् ।

## ३.४ तथ्याङ्कको प्रकृति, प्रकार र स्रोतहरु

सम्बन्धित स्थानको स्थलगत अध्ययन गरी त्यसबाट प्राप्त भएका तथ्याङ्कहरु संङ्कलन गरिएको छ । जसमा निम्नानुसारका तथ्याङ्क सङ्कलन गरियो ।

**क) संख्यात्मक तथ्यङ्कहरु**

**ख) गुणात्मक तथ्यांङ्कहरु**

यस अनुसन्धानमा विशेष गरी सुभाङ गाविस निवासी प्रतिनिधिमूलक व्यक्तित्वहरु नै यस अध्ययन एवं अनुसन्धानका विशेषताहरु रहेका छन् ।

## ३.५ तथ्याङ्क सङ्कलनका विधिहरु

यस अध्ययनले समेट्न चाहेका मानिसहरुलाई नै सहभागी गराई यो अध्ययन गरिएको छ । तथ्यांक संकलन गर्न यसमा दुइवटा विधि अपनाइएको छ ।

### ३.५.१ प्रश्नावली

सरसफाइका अतिरिक्त गाविसको अन्य बस्तुस्थिति अध्ययन गर्न सकियोस् भन्ने अभिप्रायले अनुसन्धान क्षेत्रभित्र रही विभिन्न प्रश्नावली तयार तथ्याङ्क सङ्कलन गर्ने विधि अपनाइएको छ । जुन प्रश्नावलीले यस अध्ययन क्षेत्रको गतिविधि हरुलाई समेट्दै अपेक्षाकृत रुपमा जिज्ञासा परिपूर्ति गरोस् । जुन प्रश्नावली हरुलाई पछाडि परिशिष्टमा राखिएको छ ।

### ३.५.२ अन्तर्वार्ता

सरसफाइसँग सम्बन्धित विभिन्न नमूनाका प्रश्नावली तयार पारी वर्णनात्मक खालका तथ्याङ्कहरु सङ्कलन गरी जम्मा १०० जना उत्तरदातासँग प्रश्न गरी उत्तर प्राप्त गरिएको छ । जुन प्रश्नोत्तरको सँगालो यसै शोधपत्रको पछाडि अनुसूचीमा राखिएको छ ।

### ३.५.३ अवलोकन

सरसफाइसँग सम्बन्धित विभिन्न तथ्यङ्कहरु सङ्कलन गरियो । सो क्रममा प्रतिनिधि व्यक्तिको घर, आँगन, चोक, गल्ली, चर्पी ,खानापिना लगायत नुवाइ धुवाइगर्ने, नङ काट्ने, केश कोर्ने, कपडा धुने आदि सरसफाइसँग सम्बन्धित कुराहरुको सम्बन्धित स्थानमा नै गई अवलोकन गरियो । यसैका आधारमा तथ्याङ्क सङ्कलन गरियो ।

यो अनुसन्धान त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्तिका लागि अनुसन्धानकर्ता एक्लैले छोटो समयमा पूरा गर्नुपर्ने विषय भएको हुँदा  अध्ययन क्षेत्रको समग्र जनसंख्या र सबै पक्षहरुको एक एक गरेर अनुसन्धान गर्न नसकिने भएकोहुँदा समग्रताको प्रतिनिधित्व हुनेगरी उद्देश्यमूलक नमुना छनोट गरी तथ्याङ्क सङ्कलन गर्ने विधि अवलम्बन गरिएको छ । यसरी तथ्याङ्क सङ्कलन गर्दा सबै पक्षका विशेषताहरुको प्रतिनिधित्व गराउन सक्दो प्रयास गरिएको छ । यो सानो अध्ययनबाट आएका निष्कर्षहरु लाई समग्रतामा ठुलो क्षेत्रमा सामान्यीकरण गर्न सकिनेछ भन्ने कुरामा  यो शोधार्थी विश्वस्त छ ।

## ३.६ तथ्यङ्कको व्याख्या र विश्लेषण

संकलित तथ्याङ्क हरुलाई यिनीहरुको विशेषताको आधारमा वर्गीकरण गरी सम्पादन गरेर संख्यात्मक तथ्याङ्कलाई तालिकाद्धारा विश्लेषण गरिएको छ भने गणुत्मक तथ्यांकलाई सामान्य रुपमा विश्लेषण गरिएको छ ।

# अध्यय चार

## अध्ययन स्थलको परिचय

### ४.१ सुभाङ्ग गाविसको अवस्थिति

नेपालको पर्वाञ्चल विकासक्षेत्रमा पर्ने १६ जिल्ला अन्तर्गत मेची अञ्चलमाको पाँचथर जिल्ला पनि एक हो । यसको सबैजसो भुभाग पहाडी क्षेत्रले ओगटेको छ । यस जिल्लाको उत्तरमा तप्लेजङ्ग, दक्षिणमा इलाम र मोरङ्ग जिल्ला रहेका छन् भने धनकुटा जिल्लाका केही भागले पनि छोएको छ । त्यसै पूर्वतिर चइना बोडर सम्म फलिएको यो जिल्लामा एउटा फदिम नगरपालिका र अन्य ३८ वटा गाविसमा बाँडिएको छ । क्षेत्रगत हिसाबले यसलाई २ वटा निर्वाचन क्षेत्रमा कायम गरिएको छ । जसमा एउटा नगरपालिका र ३८ वटा गाविस रहेका छन् । यिनै ३८ वटा गाविस मध्ये क्षेत्र नं. १ अन्तर्गत पर्ने सुभाङ्ग गाविस एक नमुनाको गाविस रहेको छ । यस गाविसको क्षेत्रफल १६.२० व.कि रहेको छ । यो गाविस भारपा, पञ्चमी  र तेह्रथम जिल्लाको छातेढुङ्गा गाविसको बिचमा रहेकोछ । यस गाविसको काखबाट पवित्र कोशी नदी बग्छ भने अन्य खोला खोल्सा पनि यस गाविसम रहेका छन् । यस गाविसमा बेंसी, बिरौटा खेत, पाखा बारी, टार बारी आदि रहेका छन् । यस गाविसमा ९ वटा वडाहरु अन्तर्गत १६ वटा गाउँहरु रहेका छन् । यो गाविस सदरमुकाम बाट  लगभग २० किमी पूर्वमा अवस्थित छ । पूर्व पश्चिम कालोपत्रे राजमार्गले यो गाविसलाई छोएको छ भने सदरमुकामबाट एउटा मूल सडक पनि यो गाविसमा प्रवेश गरी सुभाङ्ग गाविसका प्रत्येक वडामा घुमेको छ । यही सडकमा जोडिएर प्रत्येक वडामा सडक हरु पुगेका छन् ।

### ४.२ सुभाङ गाविसको जनसङ्ख्यागत तथा जातिगत अवस्था

सुभाङ्ग गाविसको जम्मा जनसङ्ख्या ४७९९ रहेको छ । जसमा महिला २५०९ र परुष २२९० रहेको छ । (स्रोतः  जनगणना २०६८) यस गाविसमा सबै जातजाति, भाषा, धर्म , संस्कृतिका मानिसहरु समेटिएको बसोबास रहेको छ । यहाँ ब्रम्हण, क्षेत्री, लिम्बु, नेवार, दमाइँ, कामी, सार्की, तामाङ आदि जातिको बसोबास रहेको छ ।

## ४.३ समाजिक, धार्मिक एवम् साँस्कृतिक अवस्था

समाज नै एउटा यस्तो सङ्गठन हो जहाँ विविध विशेषताहरुले भरीपूर्ण हुन्छ । समाजमा विभिन्न संस्कृतिका मानिसहरुको बसोबास भएको हुन्छ । यस गाविसमा विभिन्न जातजाति बसोबास भएकाले यहाँका मानिसाहरु मूलतः हिन्दु ,बौद्ध , क्रिश्चियन धर्म मान्ने गर्दछन् । यही धर्मअनुसारका संस्कृति भेषभूषा रीति रिवाज चालचलन भएका मानिसहरु छन् । जुन संस्कृतिले मानिसलाई एकअर्कामा जोडेको हुन्छ । जुनसुकै समाजका सामाजिक एवम् सांस्कृतिक क्रियाकलापले समाजमा अत्यन्तै महत्वपूर्ण भूमिका खेल्ने भएकाले यी क्षेत्रहरु पनि स्वच्छ स्वस्थ एवम् वातावरण अनुकूल हुनु अत्यन्तै जरुरी छ ।

अतः यी कुराहरुको पूर्णताका लागि पनि यस खुला दिसामुक्त अभियानले निकै ठुलो र प्रभावकारी भूमिका खेलेको हुन सक्छ । जसले सामाजिक सद्भाव आपसी समन्वय एवम् ऐक्यबद्धताको बोध गराउँछ । यस कार्यले सामाजिक विविधतामा एकताको बोध हुनुका साथै सबैमा आत्मबल बढाएको हुन्छ । त्यसैगरी सामाजिक विभेद एवम् कुरीति र कुसंस्कारहरुलाई पनि निराकरण गर्ने तर्फ उन्मुख रहँदै निरन्तरतामा जोड दिएको पनि पाइन्छ । किनकि समाजमा अनेक जातजाति, वर्ग, लिङ्ग, धर्म, सँस्कृति, रीतिरिवाज, भेषभूषा, परम्परामा जेलिएकाले वर्तमान अवस्थाको सामाजिक सहकार्यमा एकजुट हुनु नै महत्वपूर्ण कार्य हो । यति मात्र नभएर यहाँ पनि विद्यमान विभिन्न धर्म एवम् सँस्कृतिहरुको पहिचन बोकेको यस समाजमा आअफ्ना साँस्कृतिक पहिचान हरुको प्रस्तुति पनि ससक्त उदाहरण बन्न गएको छ ।

## ४.४ गाविसको आर्थिक अवस्थ

विशेषत कृषिमा आधारित रहेको यस सुभाङ्ग गाविसमा मुख्य खद्यान्न बालीको रुपमा धान नै रहेकोछ । यसका अतिरिक्त मकै ,गहुँ , कोदो , लगायत टमाटर, काउली , ब्रोकाउली तथा अन्य तरकारी खेतीको पनि व्यवसाय गरेको पाइन्छ । नगदे बालीबाट जनताको बार्षिक खर्च टार्ने काम हुने गर्दछ । यसका अतिरिक्त अलैंची, अदुवा , अम्रिसो उत्तिकै उत्पादन हुन्छ । पशुपालनको रुपम उन्नत जातका गाइ, भैंसी, बाख्रा, कुखुरा, सुँगुर , बंगुर आदि पालेर आम्दानी लाई मज्बुद बनाएका छन् ।

सुभाङ्गबासी अधिकांश युवाहरु आर्थिक व्यवस्थापनक लागि बैदेशिक रोजगारमा गएका छन् । त्यसमा धेरैजसो श्रमिकको रुपमा गएका छन् । समग्रमा हेर्दा सुभाङ्गेली जनताहरु अन्य विकसित सष्ट्रमा पनि गएका छन् । यस गाविसका जनता न्युनतम आर्थिक अवस्था भएका पनि विहान वेलुका हातमुख जोर्न समस्या नभएका नै देखिन्छन् ।

यहाँको खाने पानीको प्रमुख स्रोत यही गाविसका खोला, खोल्सा, खेतका जरुवा मूल बाट पाइपमा लगी व्यावस्थापन गरिएको छ । भने गविसको १ र २ वडामा भने खानेपानीको पूर्ण व्यवस्थापन हुन सकेको छैन भने अन्य वडाका केही केही ठाउँमा पानिको उचित व्यवस्था गर्न सकेको छैन । गाविसको केही भागका जनता खाने पानीको समस्याले गर्दा बसाइ हिड्ने क्रम जारी छ । अतः यो अभियान पश्चात खानेपानीको महत्व एवं सरसफाइसँग खानेपानी जोडिएको हुनाले हाल जथाभावी तवरले फोहोर गरिने कार्यमा बन्द भइ कृषि उत्पादन तथा अन्य आर्थिक एवं व्यवसायिक कार्यमा पनि महत्वपूर्ण प्रभाव पर्ने कुरामा विश्वास गरिन्छ । यस गाविसमा निर्मित चर्पीहरु पानीका कारणले सरसफइ नभएका पनि देखिन्छन्

## ४.५ गाविसको शैक्षिक अवस्था

कुनैपनि समाजको सामाजिक, साँस्कृतिक तथा जातिगत अवस्था त्यहाँको शिक्षासँग जोडिएको हुन्छ । यस गावसको शैक्षिक अवस्था भने त्यति नराम्रो देखिदैन । गाविसमा एउटा १-१२ चलेको मावि छ भने अन्य प्रत्येक वडामा मावि देखि प्रविसम्मका विद्यालयहरु सन्चालित छन् । प्रत्येक स्कुलमा प्राय अन्यत्रबाट नल्याई गाविसक स्रोतबाट नै शिक्षक व्यवस्थापन गर्न पुगेको अवस्था छ । यस कारणले पनि यो गाविस शैक्षिक दृष्टिले मज्बुत नै देखिन्छ । साक्षरताका दृष्टिले हेर्ने हो भने यो गाविस २०७२/०८/०८ मा पूर्ण साक्षर गाविस घोषणा भइसकेको गाविस हो । जिल्लाकै साक्षरता घोषणाका दृष्टिले १० औं गाविस हो ।

## ४.६ सुभाङ्ग गाविसका विशेषताहरु

वतावरणीय दृष्टिले यो गाविस लाई उत्तम गाविसको रुपमा लिइन्छ । यस गाविसको काखबाट प्रसिद्ध तमोर नदी बगेको छ भने अन्य खोला खोल्साहरु पनि समय समयमा सुसाउने गर्दछन् । यस गाविसको शिरतिर घना जङ्गल रहेको छ भने वार्डनं २ र ३ को बिचमा

साप्सुनामले चर्चित सामुदायिक वन रहेको छ । यहाँ हिउँदमा धेरै जाडो र वर्षा याममा धेरै गर्मी पनि नहुने हावापानी पाइन्छ । यो गाविसको अधिकांस भाग सेपिलो पाटो भएको हुनाले सदैब हरियाली नै देखिन्छ । जलविद्युत आयोजनाले पनि सुभाङ्गमा लगभग २ वर्ष अघि प्रवेश गरेकाले वार्डनं ३,४,५,६,७,८,९ का जनताले विजुलीको उज्यालोमा बस्न पाएका छन् । हाल निर्माणाधीन गड्तिर मार्ग पनि यही गाविसको फेद बाट चलेकाले यस गाविसमा अझ सुन्दरता र सेवासुविधा थपेको छ । यस गाविसको माटो उर्वर रहेकोले अलैची ,अदुवा ,अम्रिसो जस्ता नगदेबालीहरु प्रसस्तै उत्पादन हुने गर्दछ । यस गाविसमा जेभाले , तोक्रुम्बा ,सालबोटे जस्ता ठुलाठुला बेंसीहरु रहेका छन् । ब्रम्हण, लिम्बु कामी, दमाइ, सार्की तथा अन्य जातजाति को बसोबास भएकाले धेरैजसो सामाजिक तथा साँस्कृतिक कार्यमा मिश्रित अवधारणाहरु पाइन्छन् । यस गाविसको शिरमा रहेको  जोरपोखरी हुँदै पूर्व पश्चिम राजमार्ग भएकोले यस गाविसमा उत्पादन भएका विभिन्न चिज वस्तुहरु निर्यातका लागि बाहिर निकासी गर्न सजिलो भएको छ भने आवश्यक पर्ने वस्तुहरु आयात पनि सजिलै हुने गर्दछ ।

## ४.७ सुभाङ्ग गाविसका अवसर तथा चुनौतिहरु

**अवसरहरु**

- यहाँको माटोमा विविधता भएकाले धेरैवस्तुहरु उत्पादन हुन सक्ने
- गाविसका हरेक वडामा सडक पुगेकाले यातायातमा सहजका साथ गाविसमा उत्पादित वस्तुहरु निर्यात गर्न सहज हुने र आवश्यक वस्तु आयातमा सहज हुने
- किसानहरु सचेत र जागरुक भएकाले कृषि उत्पादन बृद्धि हुने
- बालबालिकाले कक्षा १२ सम्म आफ्नै गाविसम पढ्न सकिने
- आफ्नै गाविसमा खानेपानीको स्रोत भएकाले अन्यत्र जानु नपर्ने
- कृषकहरु लागिपरे विभिन्न पशुपालन गर्न सकिने

**चुनौति तथा समस्याहरु**

- गाविसमा खानेपानी तथा अन्य कुराको उचित सुविधा तथा व्यवस्थापन हुन नसकेकाले बसाइँ हिड्ने समस्या बढेको
- घरबारी त्यतिकै छोडेर बसाइँ हिडेकाले अनावश्यक जङ्गल बढ्न गएको

- आफ्नै गाविसमा पानीको स्रोत भएपनि उचित प्रयोग गर्न नसकेको
- वडानं १,२,३ मा उचित खानेपानी पुऱ्याउन नसकेको
- लगभग आधा गाविसलाई सुम्लिबुङ्ग देखि मुक्तुरासम्मको ठुलो लगानीको सरकारी कुलो निर्माण भएपनि सञ्चालनमा आउन नसकेको

समग्रमा हेर्दा यस गाविसमा देखिएका समस्या एवं चुनौतिलाई जनसहभागिता जुटेमा सरकारको निगरानी भएमा समाधान हुने समस्या मात्र छन् । प्राकृतिक समस्या भने त्यति देखिदैन ।

## ४.८ वातावरणीय अवस्था

वास्तवमा सरसफाइ भन्ने कुरा मानव जीवनको अपरिहर्य पक्ष हो । सरसफाइ वातावरण सँग जोडिएको हुन्छ । मानिसले घर, टोल सरसफाइ रखे ऊ बसेको घरायसी तथा सामाजिक वातावरण सरसफइ बन्न सक्छ । यसका साथ साथै शिक्षा,, स्वास्थ्य, यातायात ,खानेपानी, संचार, विद्युत, रहन सहन, रीतिरिवाज, धर्म, सँस्कृति, वातावरण, रोजगारी, उत्पादन, वितरण, भौगोलिक अवस्था, जनसांख्यिक अवस्थ जस्ता सम्पूर्ण विषयवस्तुहरुको एक अर्का सँग सम्बन्ध गाँसिइ रहेको हुन्छ । जसका लागि विभिन्न भौगोलिक परिवेश, ऐतिहासिक एवं साँस्कृतिक सम्पदाको संक्षण र विकासका निम्ति स्वास्थ्य जीवन र स्वच्छ वातावरणको खाँचो परि नै रहन्छ । जसकानिम्ति वन तथा वातावरण समेतको निकै महत्व रहेको हुन्छ । त्यसैले यहाँपनि विभिन्न जातजाति, भेष भुषा, भाषा, धर्म , सँस्कृति, चालचलनहरुमा सरसफाइको महत्वपूर्ण भूमिका जोडिएकाले खुला दिसामुक्तको अवधारणा आएको हो ।

## ४.९ विभिन्न सिर्जनशील कार्यहरु

सुभाङ्ग गाविसको खुला दिसामुक्त अभियानलाई पूरा गर्ने सन्दर्भमा प्रत्येक घरमा चर्पी निर्माण गर्ने कार्यलाई सम्पन्न गर्ने गराउने उद्धेश्यले गाउँ सरसफाइ समन्ववय समिति VWASCC गठन गरियो । त्यस्तै प्रत्येक वडामा वडा सरसफाइ समन्वय समिति गठन गरियो साथै गाउँ सरसफाइ तथा स्वच्छता समन्वया समिति पनि गठन गरियो ।

सुभाङ्गबासी आमा, बुबा, दाजुभाइको सहयोगमा यिनै समितिहरु सक्रिय भई सुभाङ्ग गाविसका सम्पूर्ण वडालाई खुला दिसामुक्त बनाउने उद्धेश्यले सरोकार वाला समितिहरु

आआफ्ना ठाउँबाट अत्यन्तै सक्रियताका साथ लागिपरेर खुला दिसामुक्त गाविस घोषणा गर्न सफल भए ।

### ४.९.१. दानवीर कार्यक्रम

सुभाङ्ग गाविसमा झण्डै २५ प्रतिसत चर्पी निर्माण हुन बाँकी रहेको अवस्थालाई मूल्याङ्कन गरी निष्कर्ष निकाल्दा चर्पी बनाउन नसक्ने व्यक्ति अशक्त एवं विपन्न वर्ग नै थिए । जसमा जग्गा कम भएका, आम्दानी कम भएका, अपाङ्ग , एकल महिला , बृद्ध बृद्धा , दलित तथा जनजाति आदि नै थिए । यसरी छ्यानोट गरिएका व्यक्तिहरुलई आधार लिँदा केही घरलाई केही सहयोग गर्नुपर्ने भयो । बाह्य सहयोग बिना नै गाविसभित्रै बट समस्याको समाधान निकाली गाविसलाई खुला दिसामुक्त बनाउने महान् सोचका साथ प्रतिबद्धता गरियो । सहयोगका लागि गाविसको रकमबाट ५४० वटा प्यान र पइप (११० एम एमको) वितरण गरियो भने रेडक्रसबाट २७० वटा प्यान र प्रत्येक व्यक्तिलाई २/२ बोरा सिमेन्ट बाँडेको थियो । त्यति गर्दापनि नबनाउने लाई रु ९०००० को सामग्री वितरण गरेको थियो । यसका अतिरिक्त विभिन्न स्थानीय दानवीर हरुले अर्थिक सहयोग पनि गरे जसबाट १९००० रकम प्रप्त भयो । यो दानवीर कर्यक्रम एउटा सहयोगपूर्ण अभियानमा उदाहरणीय एवं प्रेरणादायी कार्य बन्न पुग्यो ।

### ४.९.२. पुरस्कार र प्रेरणा

सुभाङ्गलाई पूर्ण खुला दिसामुक्त गाविस घोषणा गर्नका लागि खटिएका गाविसवासी हरुलाई प्रेरणा जगाई चर्पी निर्माण गर्न उत्पप्ररित गर्ने तथा अनुकरणीय व्यक्तिहरुलाई प्रसंसापत्र, कदर पत्र तथा दोसल्लाका साथमा विभिन्न खादाहरुले सम्मान गरी उत्प्ररित गरियो जसमा चार जना समाजसेवी र दुइजना स्वयंसेविका साथै गाविस कार्यालय पनि रहेको थियो । यसका अतिरिक्त विभिन्न अमन्त्रित हरुबाट सुभाङ्गवासीहरु तथा गाविस कार्यलय स्वयं आफैंपनि धन्यवादको पात्र बनेको थियो ।

### ४.९.३ सामूहिक प्रतिबद्धता

“एकले थुकी सुकी सयले थुकी नदी” भनेझैं एक्लैले कुनै पनि सानो भन्दा सानो काम पनि सम्पन्न गर्न नसक्ने अवस्था आउँछ । त्यसैले एक्लैले केहीपनि गर्न नसकिने तर कार्य सम्पन्न गर्न धेरै व्यक्ति तथा समूह नै सामूहिक रुपमा अगि बढे त्यही काम सरल र सहज ढंगले सम्पन्न हुने भएकाले यो दिसामुक्त गाविस घोषणा गर्ने कार्यमा पनि सामूहिक रुपमा गाविसबासीहरु

अगि बढे । जसमा नेता, शिक्षक, कर्मचारी, शिक्षक, अभिभावक, शिक्षित, अशिक्षित, व्यापारी, बुद्धिजीवि आदि थिए । जसका कारणले यो खुलादिसामुक्त अभियान पनि एउटा प्रेरणाको स्रोत बन्यो र सफल पनि बन्यो ।

# अध्याय पाँच

## ५.१ सङ्कलित तथ्याङ्कहरुको तालिकीकरण एवं विश्लेषण

कुनैपनि अनुसन्धान गर्नका लागि त्यसका विभिन्न तथ्याङ्कहरु सङ्कलन गरी त्यसको आधार लिनु पर्ने हुन्छ र त्यसैका आधारमा अनुसन्धान गरिन्छ । कुनैपनि अनुसन्धान त्यसको तथ्याङ्कमा आधारित हुन्छ यो अनुसन्धान पनि त्यसैका आधारमा तयार गरिएको छ । त्यसैले यो अनुसन्धानको पनि मुख्य र अर्थपूर्ण भाग यही भाग भएको छ । जसमा खुला दिसामुक्त सम्बन्धी विभिन्न सङ्कलित तथ्याङ्कहरुलाई विश्लेषण र प्रस्तुतीकरण गरिएको छ ।

तथ्याङ्कलाई संगठित र संरचित गरी विभिन्न तालिका, स्तम्भचित्र, आदिमा राखी अध्ययनको उद्धेश्य पूरा हुनेगरी विश्लेषण र प्रस्तुतीकरण गर्ने प्रयास गरिएको छ । यसरी अनुसन्धानमा प्रस्तुत गरिएका उद्धेश्यहरुलाई पूरा गर्नकालागि उद्धेश्यसँग सम्बन्धित विशिष्ट एवं सूक्ष्म पक्षहरुको एक एक अधययन गरी प्रस्तुतीकरण गरी विश्लेषण गर्ने प्रयास गरिएको छ ।

सुभाङ्ग गाविसमा सरसफाइ अवस्था बुझ्नका लागि गरिएको सम्बन्धित ठाउँको क्षेत्रीय तथा स्थलगत अध्ययन गरी निम्नानुसारको तथ्याङ्क निकाली विष्लेषण गरियो ।

### ५.१.१ सुभाङ गाविसको जम्मा घरधुरी संख्या विवरण

सुभाङ गाविसका जम्मा ९ वटा वडामा ९८८ घस धुरी संख्या रहेको गाविसको कार्यालयको रेकर्डमा उल्लेख छ । जसलाई वडागत घरधुरी संख्या लाई यसरी तालिकामा राखिएको छ ।

तालिका नं. १

सुभाङ्ग गाविसको जम्मा घरधुरी संख्या विवरण

| वर्डनं. | घरधुरी संख्या |
|---|---|
| १ | ५१ |
| २ | ११३ |
| ३ | ७६ |
| ४ | ७५ |

| | |
|---|---|
| ५ | ६७ |
| ६ | ११५ |
| ७ | ११४ |
| ८ | २०७ |
| ९ | १७० |
| जम्मा | ९८८ |

स्रोत : गाविसको कार्यालय

### ५.१.२ उत्तरदाताको उमेरगत वर्गीकरण

उत्तरदाता लिँदा विभिन्न उमेरका १५ वर्ष देखि ६५ वर्षसमाथिका महिला र पुरुष मिलाएर जम्मा ५२ जना महिला र ४८ पुरुष गरी जम्मा १०० जनाबाट तथ्यङ्क संकलन गरिएको छ । जसलाई निम्न तालिकामा देखाईएको छ ।

तालिका नं. २

उत्तर दाताको उमेरगत वर्गीकरण एवं जनसंख्या

| उमेर | संख्या | | जम्मा | प्रतिसत |
|---|---|---|---|---|
| | महिला | पुरुष | | |
| १५-३९ | ३० | २३ | ५३ | ५३ |
| ४०-५५ | १२ | १३ | २५ | २५ |
| ५६-६४ | ६ | ५ | ११ | ११ |
| ६५ माथि | ४ | ७ | ११ | ११ |
| जम्मा | ५२ | ४८ | १०० | १०० |

स्रोतःस्थलगत अध्ययन(२०७३)

अध्ययनको सिलसिलामा गाविस भरिका कुल ९८८ घरधुरीका ४७९९ जनसंख्यामध्ये महिला ५२ र पुरुष ४८ गरी जम्मा १०० जना उत्तरदाताबाट उत्तर खोजियो । जसमा विभिन्न उमेर जातजाति पेशाका उत्तर दाताहारुबाट प्राप्त उत्तरका आधारमा सुभाङ्ग गाविसमा भइरहेको सरसफाइ गतिविधिको जानकारी प्राप्त भयो । यहाँ १०० जना उत्तरदातामध्ये ५२ जना (५२%)

महिला र ४८ जना (४८%) पुरुषमध्ये सोधिएका प्रश्नको जवाफ दिँदा धेरै व्यक्ति निकै उत्सुक देखिए भने केहीले उत्तर दिन अक्मकाए ।

### ५.१.३ उत्तर दाताको शैक्षिक अवस्था

सरसफाई सम्बन्धी अध्ययनको लागि जनसंख्या छनोट गर्दा उत्तरदाताको शैक्षिक अवस्थालाई पनि आधार लिईएको छ । जसलाई तालिकामा यसरी देखाइएको छ ।

तलिका नं ३

उत्तर दाताको शैक्षिक अवस्था

| शैक्षिक अवस्था | संख्या | प्रतिसत |
|---|---|---|
| अशिक्षित | २० | २० |
| साक्षर | ३७ | ३७ |
| विद्यालय शिक्षा | २६ | २६ |
| उच्चशिक्षा | १७ | १७ |
| जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन(२०७३)

अनुसन्धानका क्रममा जम्मा १०० जना मध्ये २० जना (२० %) अशिक्षित ,३७ जना (३७%) साक्षर ,२६ जना (२६%) विद्यालय शिक्षा पाएका , १७ जना (१७%) उच्चशिक्षा हासिल गरेका व्यक्तिलाई जनसंख्याको रुपमा लिइयो । जसमा अधिकाँसले सही उत्तर दिए भने कोहीले भने उत्तर दिन हिच्किचाए । त्यसमा अशिक्षित नै बढि थिए । शिक्षित पनि सरसफाइमा अनविज्ञ नै देखिए ।

### ५.१.४ उत्तरदाताको जातजातिगत विवरण

सुभाङ गाविसमा विविध जातजातिको बसोबास भएकाले सरसफाइ सम्बन्धी तथ्याङ्क सङ्कलन गर्नका लागि निम्न संख्याको जात जतिलाई उत्तरदाताको रुपमा समावेश गरियो ।

तलिका नं ४

उत्तरदाताको जातीय संख्या

| जातजाति | संख्या | प्रतिसत |
|---|---|---|
| जनजाति | ४८ | ४८ |
| ब्राम्हण | ३६ | ३६ |
| दलित | १६ | १६ |
| जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन(२०७३)

सुभाङ्ग गाविसमा बसोबास गर्ने जनताहरुमा विविधता पाइने हुनाले ब्रम्हण, जनजाति र दलित तिन पक्षलाई समेटेर जनसंख्या लिइएको थियो । जसमा १०० जना जनसंख्यामा जनजाति ४८ जना (४८%), ब्रम्हण क्षेत्री ३६ जना (३६%) र दलित ( कामी, दमाइँ , सार्की ) १६ जना ( १६%)उत्तरदाताहरु समावेश थिए ।

## ५.१.५ खानेपानीको स्रोतको अवस्था

पनी खाने मुहान वा पनीको स्रोत पनि मानवीय सरसफाइसँग जोडिने हुनाले सुभाङबासी नागरिकले के कस्तो खाने पानीको स्रोत उपयोग गर्छन् भन्नेकुरालाई तालिकामा यसरी देखाइएको छ ।

तालिका नं ५

पानीको स्रोतको अवस्था प्रतिसतमा

| पनीको स्रोत | संख्या | प्रतिशत |
|---|---|---|
| सुधार गरिएको छ भन्ने | ६० | ६० |
| सुधार नगरिएको भन्ने | ४० | ४० |
| जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन(२०७३)

पानीको स्रोत अथवा मुहानको सरफइका सन्दर्भ जम्मा १०० जनामा ६० जना ( ६०%) ले सुधार गर्ने गरेको र ४० जना ( ४० %) ले सुधार नगरेको भन्ने जवाफ दिए । यसमा पनि खाने पानीको मुहानको सुधार गर्नुपर्छ नत्र खाने पनीका कारणले रोग भित्रिन सक्छ भन्ने सन्देश नपुगेको पुष्टि हुन्छ ।

### ५.१.६ खानेपानीको उपयोगको अवस्था

सुभाङबासी जनताहरुले खाने पानी उपयोग गर्ने विभिन्न उपायहरु अवलम्बन गरेका छन् । जसलाई निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. ६

पानीको उपयोगको अवस्था प्रतिसतमा

| उपयोगको अवस्था | जनसंख्या | प्रतिसत |
|---|---|---|
| धरामै गाग्रो थापेर | ५२ | ५२ |
| ड्रम तथा अन्य साधनमा पानी जम्मा गरेर प्रयोग गर्ने | ४८ | ४८ |
| जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन(२०७३)

छनोट गरिएका जनसंख्यामा पानीको उपयोगको अध्ययन गर्दा यस गाविसमा कतै कतै जरुवा मूल भएको र अधिकाँश भागमा पानी पइपमा ल्याएर प्रयोग गर्नुपर्ने भएकाले प्रतिनिधि जनसंख्या १०० जनामा  मूल वा धारामा प्रत्यक्ष पानी थापेर उपभोग गर्ने ५२ जना ( ५२%) र अन्यत्रबाट पनी पइपबाट ल्याइ रिजर्भ ट्याङ्की वा ड्रममा स्टोर गरेर फारु गरी  प्रयोग गर्ने संख्या १०० जनामध्ये ४८ जना (४८%) देखियो।

### ५.१.७ खानेपानी प्रशोधन सम्बन्धी जनसंख्या

मानवीय सरसफाइका लागि प्रमुख तत्व खानेपानी भाएकाले खाने पानीलाई विभिन्न तरिकाबाट प्रसोधन गरी वा सफापारी उपयोग गर्नुपर्छ भन्ने कुरा सुभाङबासी जनताले कत्तिको जानेका छन् भन्ने कुरा लाई तलको तालिकाले पुष्टि गर्छ ।

तालिकि नं ७

खानेपानी प्रशोधन सम्बन्धी संख्या प्रतिसतमा

| पानी प्रसोधन गर्ने र नगर्ने | संख्या | प्रतिसत |
|---|---|---|
| गर्नेहरु | ३८ | ३८ |
| नगर्नेहरु | ४४ | ४४ |
| कहिलेकाहीँ मात्र गर्ने | १८ | १८ |
| जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन(२०७३)

माथिको तथ्याङ्कबाट खानेपानी प्रसोधन सम्बन्धी तथ्याङ्कलाई हेर्दा जम्मा १०० जनसंख्यामध्ये पानी प्रसोधन गरेर प्रयोग गर्ने व्यक्ति ३५ जना (३५%) देखियो भने प्रसोधन नगर्ने व्याक्ति ४४ जना (४४% ) देखियो । त्यस्तै कहिलेकाही गर्ने भन्ने चाहीँ १८ जना (१८%) देखिन आए । यसमा पनि खानेपानी प्रसोधन नगर्ने नै बढी देखिन आए । त्यसैले खानेपानी प्रसोधन गरेर प्रयोग गर्नुपर्छ भन्ने कुरामा पनि जन चेतना बढाउनु पर्ने देखिन्छ ।

### ५.१.८ चर्पीको सुविधा सम्बन्धी विवरण

ग्रामीण समाजमा सरसफाइको तत्व उनीहरुले प्रयोग गर्ने चर्पीको उचित प्रयोग पनि हो । त्यसैले सुविधायुक्त चर्पी र सुविधारहित चर्पी के कस्तो छ ।

तालिका नं. ८

**चर्पीको सुविधा सम्बन्धी तथ्याङक**

| चर्पीको सुविधा | संख्या | प्रतिसत |
|---|---|---|
| सुविधायुक्त | ८० | ८० |
| सुविधारहित | २० | २० |
| जम्मा | १०० | १०० |

स्रोत:स्थलगतअध्ययन(२०७३)

चर्पीको सुविधाको स्थितिलाई हेर्दा छनोट गरिएका जनसंख्या मध्ये ८० जनाकामा अर्थात ८०% को मा सुविधायुक्त देखियो भने २० जना अर्थात २०% ले सुविधा रहित भन्ने जवाफ दिए । यस तथ्याङ्कबाट अझैपनि स्थानीय स्तरमा चर्पीको सुबिधा नरहेको देखिन्छ ।

## ५.१.९ चर्पीको सरसफाइको अवस्था

मानवीया सरसफइमा उसले प्रयोग गर्ने चर्पी पनि पर्दछ । त्यसैले सभाङबासीहरुको प्रयोगमा आएको चर्पीसम्बन्धी सरसफाइ के कस्तो छ भन्नेकुरा तलको तालिकाबाट प्रष्ट हुन्छ ।

तलिका नं. ९

चर्पीको सरसफाइ सम्बन्धी अवस्था

| सरसफाइ | संख्या | प्रतिसत |
|---|---|---|
| गरिएको | ७० | ७० |
| नगरिएको | ३० | ३० |
| जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन(२०७३)

चर्पीलाई सफा गर्ने सन्दर्भमा उत्तरदातालाई प्रश्न गर्दा जम्मा १०० मध्ये ७० जना (७०%) ले सफगर्ने गरेको र ३० जना (३०%) ले सफा नगरेको भन्ने जवाफ दिए । यो तथ्याङ्कलाई हेर्दा यहाँ अझैपनि स्वस्थ्य सम्बन्धी जनचेतना बढाउनुपर्ने नै देखिन्छ ।

## ५.१.१० हातको सरसफाइ सम्बन्धी अवस्था

मानिसमा रोग फैलिने एउटा प्रमुख कारण खाना खाने वा खुवाउने समयमा हात धुने नधुने पनि पर्दछ । हात किन धुने भन्ने सम्बन्धमा भेटिएको तथ्याङ्क निम्न छ ।

तालिका नं. १०

हात धुने संख्या प्रतिशतमा

| हात धुने कारण | संख्या | प्रतिशत |
|---|---|---|
| हात सफा राख्न | २० | २० |
| फोहोर बाट बच्न | ३८ | ३८ |
| सरुवा रोग बाट बच्न | ४२ | ४२ |
| जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन(२०७३)

हातधुने कारणको सन्दर्भमा जम्मा १०० जनालाई प्रश्न गर्दा २० जना (२०%) ले हात सफ राख्न हात धुने भने त्यस्तै ३८ जना (३८%) ले फोहोर बाट बच्न भनेर उत्तर दिए भने विभिन्न सरुवा रोगबाट बच्नका लागि हात धुनुपर्छ भनेर चाहीँ ४२ जना (४२%) ले उत्तर दिए । यसर्थ सधैं सरसफाइ सम्बन्धी बानी बसाल्न अझैपनि जनचेतनाको अभाव भएको नै देखिन्छ ।

### **५.१.११ हात धुने बानीको विवरण**

छनोट गरिएका तथ्याङ्कलाई कतिखेर धुने किन धुने भन्ने प्रश्न गर्दा निम्नअनुसारको उत्तर पाइयो ।

तालिका नं ११

हात धुने बानीको संख्या प्रतिशतमा

| हात धुने बानी | संख्या | प्रतिशत |
|---|---|---|
| खाना खानु खुवाउनु अघि | ९८ | ९८ |
| बच्चाको दिसा धोइसकेपछि | ९६ | ९६ |
| चर्पी गएपछि | ९८ | ९८ |
| खना तयार गर्नु अघि | ७८ | ७८ |
| अन्य समयमा | ७४ | ७४ |

स्रोत : स्थलगत अध्ययन(२०७३)

माथिको तथ्याङ्कमा हात धुने बानीलाई हेर्दा जम्मा १०० जनसंख्यामा  खाना खानु खुवाउनु अघि हात धुनु पर्छ भनेर ९८ जना (९८%) ले उत्तर दिए भने बच्चाको दिसा धोइसकेपछि भनेर प्रश्न गर्दा ९६ जना (९६%) ले उत्तर दिए । त्यस्तै चर्पी गएपछि हात धुने नधुने भनेर प्रश्न गर्दा ९८ जना (९८%) ले जवाफ दिए । खाना तयार गर्नु अघि हात धुनु पर्छ भनेर ७८ जना ( ७८%) ले उत्तर दिए भने अन्य समय समयमा हात धुनु पर्छ भनेर ७४जना (७४%) ले उत्तर दिए । यसरी यो तथ्याङ्कलाई हेर्दा हात धुने बानीका सन्दर्भमा खाना तयार गर्नु अघि र अन्य समय समयमा हात धुने बानीमा केही सुधारको खाँचो देखिएको छ । अन्य पक्षमा पनि सुधारको खाँचो नै दखिएको छ ।

### ५.१.१२ हात धुने सामग्रीको प्रयोग

हात धुने विभिन्न सामग्रीमध्ये हात केले धुने भन्ने प्रश्नबाट आएको उत्तरलाई तलको तालिकामा समावेश गरी विष्लेषण गरिएको छ ।

तालिका न १२

हात धुने सामग्रीको संख्या प्रतिशतमा

| हात केले धुने | संख्या | प्रतिशत |
|---|---|---|
| साबुन पनीले | ४६ | ४६ |
| खरानी पानीले | १० | १० |
| माटो पानीले | २४ | २४ |
| पनीले  मात्र | २० | २० |
| जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन(२०७३)

नियमित हात केले धुने भनी उत्तरदातालाई प्रश्न गर्दा जम्मा १०० जना मध्ये साबुनपानी ले हात धुनु पर्छ भनेर उत्तर दिने संख्या ४६ जना (४६%) देखियो भने खरानी पानीले हात धुनुपर्छ भनेर जवाफ दिने संख्या १० जना (१०%) पाइयो । त्यस्तै माटो र पानीले हात धुने भनेर २४ जना (२४%) ले उत्तर दिए । पानीले मत्र हात धुने भनेर उत्तर दिने संख्या २० जना (२०%)

देखियो । यसरी शतप्रतिशतलाई साबुन पानीले हात धुनुपर्छ भनेर बानी बसाल्नका लागि जनचेतना अझै जरुरी देखियो ।

### ५.१.१३ नुहाइ धुवाइ गर्ने बानीको सन्दर्भ

मानवीय सरसफाइमा नुहाइ धुवाइ जरुरी पर्ने भएकाले कसले कति समयमा नुहाइ धुवाइ गर्छन् भन्ने कुरालाई निम्न तालिकामा समावेस गरी विश्लेषण गरिएको छ ।

तलिका नं.१३

नुहाइ धुवाई गर्ने बानीका सन्दर्भामा जनसंख्या प्रतिशतमा

| नुवाइ धुवाई गर्नेहरू | संख्या | प्रतिशत |
|---|---|---|
| प्रत्येक दिन | १२ | १२ |
| कहिलेकहीँ | १६ | १६ |
| हप्तामा एकपटक | ७२ | ७२ |
| नियमित वानी छैन | १० | १० |
| जम्मा | १०० | १०० |

स्रोत–स्थलगत अध्ययन (२०७३)

नुवाई  धुवाई सन्दर्भमा जम्मा १०० जना उत्तरदाताहरुलाई प्रश्न गर्दा यसमध्ये १२ जना (१२%) ले प्रत्येक दिन नुहाउने बताए भने १६ जना (१६%) जनाले कहिलेकाहीँ भनेर जवाफ दिए । त्यास्तै ७२ जना (७२%) ले हप्तामा एक पटक नुहाउने भने । नियामित बानी छैन भन्ने हरु भने १० जना (१०%)देखिए  । यसरी सधैँ सरसफाइको बानी बसाल्ने तर्फ पनि अझै जनचेतना अभिबृद्धि गर्नु जरुरी देखिन आउँछ ।

### ५.१.१४ नङ काट्ने समय र जनसंख्या

नङ काट्ने कुरा पनि व्यक्तिगत सरसफाइ सँग सम्बन्धित हुने भएकाले प्रतिनिधि व्यक्तिले कति कति समयमा नङ काट्छन् भन्ने कुरा लाई निम्न तालिकामा राखेर विष्लेषण गरिएको छ ।

तालिका नं. १४

नङ काट्ने  संख्या प्रतिशतमा

| नङ काट्ने | संख्या | प्रतिशत |
|---|---|---|
| हप्तामा एकपटक | १६ | १६ |
| हप्तामा दुईपटक | ८ | ८ |
| जव लामा हुन्छन् अनि मात्र | ५२ | ५२ |
| नियमित वानी छैन | २४ | २४ |
| जम्मा | १०० | १०० |

स्रोतः स्थलगत अध्ययन(२०७३)

हात गोडाका नङ काट्ने सन्दर्भमा जम्मा १०० जना उत्तरदाताहरुलाई प्रश्न गर्दा  १६ जना (१६%) ले हप्तामा एकपटक, १८ जना ((१८%) ले हप्तामा दुईपटक, ५२ जना (५२%) ले जव लामा हुन्छन् अनि मात्रै र २४ जना (२४%) ले नियमित बानी नभएको भन्ने जवाफ दिए । यसरी सधैँ नङ काटी सरसफाइको बानी बसाल्ने तर्फ पनि अझै जनचेत अभिबृद्धि गर्नु जरुरी देखिन्छ ।

### ५.१.१५ कपडा धुने काम र जनसंख्या

सम्बन्धित ठाउँका मानिसले आफ्नो प्रयोगमा आउने कपडा कहिले र कति समयमा धुने भन्ने कुरा तलको तलिकाले प्रष्ट हुन्छ ।

तालिका नं. १५

कपडा धुने काम संख्या प्रतिशतमा

| कपडा धुने | संख्या | प्रतिशत |
|---|---|---|
| प्रत्येक दिन | ४ | ४ |
| हप्तामा एकपटक | ४२ | ४२ |
| हप्तामा दुइपटक | १८ | १८ |
| जव फोहर हुन्छन् | ३६ | ३६ |
| जम्मा | १०० | १०० |

स्रोत–स्थलगत अध्ययन(२०७३)

कपडा धुने सन्दर्भमा जम्मा १०० जना उत्तरदाताहरुलाई प्रश्न गर्दा यी मध्ये ४ जना ( ४%) ले प्रत्येक दिन, ४२ जना (४२%) ले हप्तामा एकपटक, १८ जना (१८%) ले हप्तामा

दुईपटक र ३६ जना (३६%) ले जव फोहोर हुन्छ तब मात्र धुने भन्ने जवाफ दिए । यसरी फोहर हुन्छन् अनि मात्र धुने भन्ने मिश्रित जवाफ पनि पाइयो । यी सबै जवाफ वास्तवमा ठिकै लागे ।

### ५.१.१६ फोहोर पानीको उचित व्यवस्थापन

यस अध्ययनमा छनोट गरिएका नागरिकले आफूले प्रयोग गरेको फोहोरलाई कहाँ र कसरी व्यवस्थापन गर्ने भन्ने कुरा तलको तालिकाबाट प्रष्ट हुन्छ ।

तालिका नं. १६

फोहोर पानीको उचित ब्यवस्थापन संख्या प्रतिशतमा

| फोहोर पानीको उचित ब्यवस्थापन | संख्या | प्रतिशत |
|---|---|---|
| रक्षानमा | ४० | ४० |
| भान्साको छेउमा | २० | २० |
| करेसा बारिमा | १८ | १८ |
| जहाँपायो त्यहीँ | २२ | २२ |
| जम्मा | १०० | १०० |

स्रोत–स्थलगत अध्ययन(२०७३)

फोहर पानी तह लगाउने उचित व्यवस्थापनका सन्दर्भमा जम्मा १०० जना उत्तरदाताहरुलाई प्रश्न गर्दा यी मध्ये ४० जना (४०%) ले रक्षानमा, २० जना (२०%) ले भान्साको छेउमा,१८ जना (१८%) ले करेसा बारीमा र २२ जना (२२%) ले जहाँपायो त्यही फाल्ने गरेको भन्ने जवाफ दिए । यसरी फोहर पानीको उचित व्यवस्थापन पनि सन्तोषजनक पाइएन । जथाभावी फाल्दा यसबाट रोग उत्पन्न हुने सम्भावना देखिएकोले यसतर्फ अझै विशेष ध्यान दिनुपर्ने हुन्छ ।

### ५.१.१७ घर सफा गर्नुपर्ने कारण

हरेक मानिसले आफू स्वस्थ रहनका लागि आफ्नो घरपरिवार सरसफाइ राख्नु पर्छ । छनोट गरिएका मानिसलाई किन घर सरसफाइ राख्नुपर्छ भन्ने उत्तरलाई तलको तालिका बाट प्रष्ट पारिएको छ ।

तालिका नं. १७

घर सफा गर्नुको कारण संख्या प्रतिशतमा

| कारण | संख्या | प्रतिशत |
|---|---|---|
| वातावरण स्वच्छ राख्न | ३८ | ३८ |
| परम्परागत वानी | ८ | ८ |
| रोगबाट बच्न | २६ | २६ |
| जिवाणुबाट बच्न | २८ | २८ |
| जम्मा | १०० | १०० |

स्रोत–स्थलगत अध्ययन(२०७३)

सधैँ घर आँगन सफा र स्वच्छ राख्ने सन्दर्भमा बुझ्न जम्मा १०० जना उत्तरदाताहरुलाई प्रश्न गर्दा ३८ जना (३८%) ले वातावरण स्वच्छ राख्न, ८ जना (८%) ले परम्परागत वानी भएको, २६ जना (२६%) ले रोगबाट बच्न र २४ जना (२४%) ले जिवाणुबाट बच्न सफा गर्ने गरेको भन्ने जवाफ दिए । यसरी आ-आफ्नो घर आँगन र सबैतिर सफा राख्नु पनि नितान्त आवश्यक भएकोले यी कुनै उद्देश्यबाट अभिप्रेरित भए पनि सधैँ सफा र सुन्दर बनाई राख्नेतर्फ अझै विशेष ध्यान दिनुपर्ने हुन्छ ।

### ५.१.१८ सरुवा रोग सम्बन्धी ज्ञान

छनोट गरिएका जनसंख्यालाई सरुवा रोग सम्बन्धी ज्ञान छ छैन भनेर प्रश्न गर्दा निस्किएको तथ्याङ्कलाई तलको तालिकामा प्रष्ट पारिएको छ ।

तालिका नं. १८

सरुवा रोग सम्बन्धी ज्ञान संख्या तथा प्रतिशतमा

| ज्ञान छ/छैन | संख्या | प्रतिशत |
|---|---|---|
| छ | ९२ | ९२ |
| छैन | ८ | ८ |
| जम्मा | १०० | १०० |

स्रोत–स्थलगत अध्ययन (२०७३)

सरुवा रोगको बारेमा जानकारी भए नभएको सन्दर्भमा बुझ्न जम्मा १०० जना उत्तरदाताहरुलाई प्रश्न गर्दा यीमध्ये ९२ जना (९२%) ले आफूलाई जानकारी भएको भन्ने जवाफ दिए भने ८ जना (८%) ले भने आफूलाई जानकारी नभएको भन्ने जवाफ दिए । यसरी आएको मिश्रित जवाफले सबै रोग र सर्ने प्रक्रियाका बारेमा जानकारी दिएमा मात्र बिभिन्न रोगहरु लाग्नबाट बच्न सकिने हुनसक्छ ।

**५.१.१९ चर्पीको सरसफाइ**

मानवीय सरसफाइ सँग जोडिएको कुरा चर्पीको सरसफाइ पनि हो । छनोट गरिएका मानिस हरुले चर्पी सफा गर्ने वा नगर्ने भन्ने कुरा तलको तथ्याङ्कबाट प्रष्ट हुन्छ ।

तालिका नं. १९

चर्पी सफा गर्ने सम्बन्धमा प्रशितमा

| चर्पी सफा | संख्या | प्रतिशत |
|---|---|---|
| गर्ने | ३४ | ३४ |
| नगर्ने | ३० | ३० |
| कहिलेकाहीँ | ३६ | ३६ |
| जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन (२०७३)

चर्पी सफा राने सम्बन्धी अध्ययन गर्दा जम्मा १०० जना उत्तरदाताहरुमध्ये ३४ जना (३४%) ले नियमित रुपमा गर्छौं भनेर स्वीकारे भने ३० जना (३०%) ले चर्पी सफा नगर्ने कुरा बताए त्यस्तै ३६ जना (३६%) ले नियमित नगर्ने तर कहिलेकहीँ मात्रै गर्ने भन्ने जवाफ दिए । यसरी हेर्दा चार्पी सफा गर्ने सम्बन्धमा अझैपनि जनचेतनाको आवश्यकता ठहरिन्छ

### ५.१.२० फोहोर मैलाको व्यवस्थापन

आफूले काममा प्रयोग गरेर निस्किएको फोहोर कहाँ र कसरी व्यवस्थापन गर्ने भन्ने कुरा लाई निम्न तालिका बाट प्रस्ट हुन्छ ।

तलिका नं.२०

फोहोर मैलाको व्यवस्थापन संख्या र प्रतिशत

| फोहोर के गर्ने | संख्या | प्रतिशत |
|---|---|---|
| खाल्डो खनेर गाड्ने | ५३ | ५३% |
| मलको रुपमा प्रयोग गर्ने | ४० | ४०% |
| फोहोर जलाउने | ५ | ५% |
| जथाभावि फाल्ने | २ | २% |
| | १०० | १०० |

स्रोतः स्थलगत अध्ययन(२०७३)


फोहरमैला व्यवस्थापन सन्दर्भमा अध्ययन गर्दा फोहर खाल्डो खनेर गाड्ने ५३ जना (५३%), मलको रुपमा प्रयोग गर्ने ४० जना (४०%),फोहरलाई जलाउने ५ जना (५%) जथाभावी रुपमा फ्याक्ने २ जना (२%) रहेको देखियो । यसरी हेर्दा फोहर मैला व्यवस्थापनका बिभिन्न तरिकाहरु अपनाइएको पाइयो ।

### ५.१.२१ पानी प्रसोधनको तरिकाको प्रयोग

पानीको प्रयोग सही गरियो भनेमात्र मानिसमा रोग सर्दैनन् । त्यसैले पानी उमालेर , फिल्टर गरेर , सोडिस प्रयोग गरेर , कपडाले छानेर प्रयोग गर्नु पर्छ । त्यसैले छनोट गरिएका मानिसमा पानिको कसरी प्रयोग गर्छन् भन्ने कुरा तलको तालिकाबाट प्रष्ट हुन्छ ।

तालिका नं.२१

पानी प्रशोधनको तरिका स्तम्भ चित्रमा





स्रोत–स्थलगत अध्ययन(२०७३)

पानी प्रशोधनको सन्दर्भमा अध्ययन गर्दा उमालेर खाने १५%), फिल्टर गरेर खाने १८%), क्लोरेशन गरेर खाने (५%), सोडिस गरेर खाने (२%), कपडाले छानेर खाने (४०%) र कुनै पनि प्रशोधन नगरी सिधै खाने (२०%) रहेको पाइयो । यसरी हेर्दा शुद्ध पानी खाने बानी धेरैमा छैन भन्नेकुरा बुझिन आयो । जसका कारण अनेक रोग लाग्ने गर्दछ भन्ने कुराको पनि जनचेतना फैलाउने पर्ने जरुरी देखिन्छ ।

**५.१.२२ सरुवा रोग सम्बन्धी ज्ञान**

छनोट गरिएका मानिसमा सरुवा रोग सम्बन्धी ज्ञान के कस्तो छ भन्ने कुरा तलको स्तम्भ चित्रमा देखाइएको छ ।

तालिका



सरुवा रोगबाट बच्ने उपाए सम्बन्धी ज्ञानका सन्दर्भमा अध्ययन गर्दा शुद्ध पानी पिउने (३५%), सावुन पानीले हात धनु (३०%), सुरक्षित चर्पी प्रयोग गर्ने(१५%) र अन्य(४०%) र कुनै तरिकाहरु अपनाउने (१३%) रहेको पाइयो । यसरी हेर्दा बिभिन्न सरुवा रोगहरुबाट बच्न अनेक उपाय गर्न खोजिएको पाइयो ।

## ५.२ तथ्याङ्कहरूको वैधता र विश्वासनियता

तथ्याङ्कको बैधता र विश्वासनियता हरेक तथ्याङ्कहरूले विषयवस्तुलाई छुने र त्यसबाट नै पूर्ण विवरण तयार गर्न सकिने भएकाले यिनै तथ्याङ्क संकलनलाई पनि निकै नै महत्वकासाथ लिईएको छ । अतः यसमा प्रयोग गरिएका सम्पूर्ण तथ्याङ्क एवम् सूचनाहरू पनि आधिकारिक रहेका छन् । जसले सही सूचना र सही विवरणमा अत्यन्तै महत्वपूर्ण भूमिका निर्वाह गरेकाछन् भन्ने विश्वास लिएको छु ।

## ५.३ तथ्याङ्कबाट देखिएका सुभाङ्ग गाविसको पहिलेको र अहिलेको अवस्था

सुभाङ्ग गाविसमा खुला दिसामुक्त हुनु पूर्व र भौससके पछि पाइएको तुलनात्मक भिन्नता लाई निम्नानुसार देखाउन सकिन्छ ।

- सुभाङ्ग गाविसमा पहिले सरसफाइ थिएन भने हाल घर आँगन गाउँ टोल सरसफाइ गरी फोहोर हटाउने प्रयास भएको छ ।
- सुभाङ्ग गाविसमा पहिले सरुवा रोगको प्रकोपले गाविसबासी आक्रन्त थिए भने हाल त्यस्ता सारुवा रोगको निर्मूल भएको छ ।
- सुभाङ्ग गाविसमा सरसफाइ सम्बन्धी चेतना थिएन भने हाल सरसफाइ सम्बन्धी चेतना फौलिएको छ ।
- सुभाङ्ग गाविसमा पहिले मानिसहरु फोहोरका कारणले धेरै विरामी हुने गर्दथे भने हाल त्यस्ता खासै बिरामी भई सिकिस्त हुनु परेको छैन ।
- पहिले सरसफइ सम्बन्धी चेतना थिएन तर हाल सरसफाइको चेतनायुक्त समाज निर्माण भएको छ ।
- पहिले यस गाविसमा सरसफाइ सम्बन्धी समस्या र अप्ठयारा हरु प्रसस्त थिए भने हाल ती समस्या हरु समाधान भएका छन् ।

## ५.४ सुभाङ्ग गाविसमा खुला दिसामुक्त पछिको पूर्ण सरसफाइयुक्त अवस्था

ठुलो प्रयत्न पश्चात् खुला दिसामुक्त गरीसकेपछि यस गाविसमा दिगो सरसफाइ र स्वच्छता सुविधा एवं बानी व्यवहारको विकासकालागि सबै व्यवस्था हरु लागु गर्ने प्रयास गरिएका छन् । यद्यपी यस गाविसमा खुला दिसामुक्त घोषणा पछिका अवधारणा अनुसारका विभिन्न मापदण्ड पहिचान गरी लागुगर्ने प्रयास गरिको छ ।

### सुभाङ्ग गाविसमा खुलादिसामुक्त घोषणा पछि व्यक्तिगत सरसफाइ तथा स्वच्छता सम्बन्धी आएको परिवर्तन

- पैत्येका घरमा चर्पीको व्यवस्थापन
- चर्पी को नियमित प्रयोग
- थोरबहुत नभएपनि अधिकांश चर्पीमा सरसफाइको चेतना
- साबुन पनीले हातधुने अभ्यास र व्यवहारमा प्रयोग
- घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गरी प्रयोगको सुरुवात
- व्यक्तिगत सरसफाइ एवं स्वच्छता कायम गरेको ( नङ काट्ने, कपाल कोर्ने , लागा धुने , दाँत माझ्ने आदि)
- घर आँगन सफा गरी त्यहाँ भएका ठोस तथा तरल फोहर हरुलाई उचित व्यवस्थापन गरेको

### सुभाङ गाविसमा घरायसी सरसफाइ

- दिसा गर्नका लागि सबै घरमा चर्पीको व्यवस्था
- सबैले चर्पीमा दिसा गर्ने बानीको विकास
- हात धुनका लागि साबुन र साबुन राख्ने स्थानको प्रयोग
- चर्पी सफा गर्ने ब्रस, कुचो, जीवाणु मार्ने पदार्थको व्यवस्थापन

### सस्थागत एवं वातावरणीय सरसफाइ

- सबै संघ संस्थमा स्वच्छ सफा र प्रयोगकर्ता मैत्री चर्पी साबुन पानीले हात धुने सुविधा र फोहोर व्यवस्थापनको उचित प्रयास

- सबै  विद्यालय, स्वस्थ्य चौकी, गाविस, क्लव लगायतका संघ संस्थाआदि स्थानमा पानीको सुविधा
- छात्रामैत्री तथा बालमैत्री सौचालय र महिनावारी सम्बन्धीको फोहोर व्यवस्थापनको प्रयास
- समय समयमा विद्यालय तथा अन्य सरकारी तथा निजि संघ संस्था हरुको सरसफाइ
- हरेक विद्यालयमा फोहोर व्यवस्थापन गर्ने खाल्डोको व्यवस्थापन
- हरेक संघ संस्था हरुले आआफ्नो संस्थाको परिसर भित्रको वरिपरीको वातावरण सफा र स्वच्छ राख्ने प्रयास भएको

## सुभाङ्ग गाविसमा सरसफाइका लागि सतर्कता अपनाइएका कुराहरू

- खानेकुरा र पानी छोपिएको ।
- घरको कोठा, आँगन र घर वरिपरी नियमित सरसफाइ ।
- घरपालुवा पशुपंक्षी राख्न व्यवस्थित गोठ/टहराको व्यवस्था ।
- घरबाट निष्कासित फोहोर पानी जम्मा गर्ने/सोस्ने खाल्डोको व्यवस्था ।
- सफा र शुद्ध पिउने पानीको प्रबन्धका लागि प्रयास
- ठोस फोहोरमैला संकलन गर्न/फाल्न बाल्टीन/खाल्डो उपलब्धता ।
- सुधारिएको चुलो/भुङग्रेचुलो,ग्याँस चुलो  आदि बैकल्पिक उर्जाको उपलब्धता ।

अध्याय छ

## सारांश, निष्कर्ष र सुझाव

### ६.१ सारांश

खुला दिसामुक्त सुभाङ्ग गाविस र यसको सामाजिक प्रभाव विषयमा एक अध्ययन गर्दा यस गाविस भित्र केही नगण्य मात्राका अपवाद देखिए तापनि समग्रमा भन्नुपर्दा यो क्षेत्र खुला दिसामुक्त नै पाइयो । यस सन्दर्भमा अध्ययन गर्दा केही प्रतिसत बाँकी रहेपनि सुभाङ्गवासीहरू पूर्ण सरसफाइको क्रियाकलापप्रति कटिबद्ध रही निकै अभिरुचीपूर्वक चासो लिएको पाइयो । साथै यस सरसफाइ अभियानलाई पूर्ण परिचालन गर्न पूर्णरुपमा प्रतिबद्ध समेत रहेको पाइयो भने अब उप्रान्त यस गाविसमा कहीँ कतै पनि यसको उङ्घन हुन नदिने कुरामा एकबद्ध अर्थात प्रतिबद्ध रहेको पाइयो ।

सुरुमा यस अध्ययनको मूल उद्देश्य रहेको थियो कि गाविसको सामाजिक, आर्थिक अवस्था को विश्लेषण गर्नु । सरसफाइ र खुला दिसामुक्त सम्बन्धी वर्तमान अवस्थाको विश्लेषण गर्नु । खुला दिसामुक्त अभियानले व्यक्तिगत, घरायसी र समुदाय तहमा पारेको प्रभावको लेखाजोखा गर्नु । यिनै सान्दर्भिकताका आधारमा गाविसको अध्ययन एवं अवलोकन गर्दा समग्रमा सबै गाविसवासीहरु पूर्ण सरसफाइ गतिविधिमा संलग्न रहेको नै पाइयो । जसमाः

- सामासजिक सोचमा परिवर्तन भएको छ ।
- सबैमा आपसी सहयोगको सामूहिक प्रतिवद्धता रहेको पाईन्छ ।
- सरसफाइ ईज्जत, सभ्यता एवं व्यक्तिगत प्रतिष्ठासँग गाँसिएको प्रतित भएको छ ।
- व्यवहारमा सरलता, कार्यकुशलतामा प्रभावकारिता, सकारात्मक सोचको विकास भएको छ ।
- सामाजिक कार्यहरुमा ऐक्यवद्धता र जिम्मेवारीपनको विकास एवं सोच भएको छ ।
- चर्पी निर्माणबाट बैकल्पिक उर्जा विकासमा टेवा एवं आर्थिक विकासमा सहयोग पुगेको छ ।
- व्यक्तिको आनीबानीमा सुधार,भेटघाट एवं शिष्टाचारमा पनि केही परिवर्तन भएको छ ।
- सफा र स्वच्छ खान पिनमा परिवर्तन हुँदा सरुवा रोगमा पनि कमी भएको देखिन्छ ।

विशेषगरी गाविसको वार्डनं १,२,३ तथा अन्या वडाका केही भागमा खडेरीको समयमा देखिने पानीको समस्याले गर्दा यस अभियानलाई केही प्रभाव पार्ने देखिए तापनि समयमै यसतर्फ

सचेत रही सावधानीपूर्वक सरसफाइतर्फ सबैको चासो रहेको भने पाइयो । साथै कतिपय घरहरूमा चर्पीबाट सिधै भात पकाउने ग्यास उर्जा समेत प्राप्त भएकोले यसबाट हुने दोहोरो फाइदातर्फ समेत उन्मुख भएको पाइयो । कहीँ कतै पनि खुला दिसा नभेटियोस् भनेर गाविस स्तरबाट अपनाइएका बिभिन्न रणनीतिहरू यस प्रकार अवलम्बन गरेको पाइयो–

- गाविस क्षेत्रभरि V WASH CC बाट अनुगमन गर्ने ।
- आवश्यकता बमोजिमका स्थानहरूमा सार्वजनिक शौंचालय निर्माण गर्ने
- पूर्णसरसफाइको निरन्तरताको निम्ति विभिन्न चेतनामूलक, ज्ञानबर्धक प्रचार प्रसार गर्ने
- यस कार्यलाई पूर्ण रुपमा स्थायीत्व दिनेतर्फ प्रयासरत रहने ।
- सरसफाइका निम्ति सबै व्यक्ति सबै ठाउँबाट लागि पर्ने ।

यस्ता अनगिन्ती मानवीय गतितिविधिसँग संलग्न कुराहरुको उपब्धता नै यस गाविसको खुला दिसामुक्त भियानको सार्थकता नै हो भनेर बुझ्न सकिन्छ । तर पनि सतप्रतिशत रुपमा सरसफाइका मापदण्डहरुको परिपालना गर्नका लागि भने अझै पनि केही आधारभूत नियमहरुको परिपालना गर्नुपर्ने समाजमा सचेतना जगृत गर्नुपर्ने देखिन्छ ।

## ६.२- निष्कर्ष

"एक घर एक चर्पी"को अवधारणालाई आत्मासात गर्दै र आइपर्ने विभिन्न चुनौतिहरूको सामना गर्दै जिल्ला स्तरबाट, गाविस स्तरबाट, वडानागरिक मञ्चको तर्फबाट र अन्य विभिन्न सञ्जालहरूबाट औपचारिक वा अनौपचारिक तवरमा शौंचालयको अनुगमन भैरहेको कुरा सकारात्मक छ । साथै गाउँ, घर, समुदाय, सामुदायिक भवन, विद्यालय, सेवाकेन्द्र एवं कुनै पनि सार्वजनिक स्थलहरूमा पूर्ण सरसफाइ सम्बन्धमा छलफल, गोष्ठी, बैठक आदि गर्दै आएको हुँदा यहाँको सरसफाइ क्षेत्रमा निरन्तरता भैरहेकोले पनि प्रशंसनीय देखिन्छ । साथै यस क्षेत्रका बासिन्दाहरू धेरैजसो शिक्षित, मेहनती, कृषि कार्यमा क्रियाशील एवं रोजगार भएका र जिल्ला सदरमुकामसँग सडक जोडिएकाले पनि यस गाविसको भविष्य उज्वल देखिन्छ ।

विकास साझेदारी मार्फत आउँछ । तर सरसफाइ प्रबर्द्धनमा नेपालले हाँसिल गरेको अनुभवको आधारमा भन्नुपर्दा सरसफाइ एउटा यस्तो साझा मञ्च बन्न पुगेको छ । जसले विभिन्न सरोकारवालाहरुलाई सहकार्यका लागि एउटै थलोमा ल्याउन सकेको छ । पूर्ण सरसफाइ

तर्फको यात्राले सरसफाइमा आमूल परिवर्तनको ढोका खोलेको छ । आफूलाई सगर्व खुला दिसामुक्त बस्तीका बासिन्दाको रुपमा चिनारी दिन खोज्ने समुदायको मनोविज्ञानका कारण खुला दिसामुक्त अवस्था हासिल गर्ने कारणले तीब्रता र व्यापकता पाउन सकेको छ ।

दिनानुदिन सरोकारवालाहरुबीच सहकार्यको संस्कृति मौलाउँदै गएको छ । सरसफाइलाई खानेपानीको एक सामान्य अंगका रुपमा मात्र हेर्ने पुरातन मान्यतामा क्रमिक रुपमा परिवर्तन आएको छ । दिसा पिसावलाई समस्याको रुपमा हेर्ने परम्परागत मान्यतामा परिवर्तन भई सम्पदाको रुपमा हेर्न थालिएको छ । खुला दिसामुक्त अवस्था प्राप्तिलाई सरसफाइ प्रवर्द्धनको पूर्व सर्तको रुपमा हेरिएको छ । प्रविधि विस्तार मार्फत मात्र सरसफाइ प्रबर्द्धन गर्न सकिन्छ भन्ने सोचमा व्यापक परिवर्तन आई देशमा सरसफाइ प्रबर्द्धन एक सामाजिक अभियानकै रुपमा अघि बढेको छ ।

## ६.३ सुधार गर्नुपर्ने पक्षहरु

“एक घर एक चर्पी”को अवधारणालाई आत्मासात गर्दै र आइपर्ने विभिन्न चुनौतिहरूको सामना गर्दै जिल्ला स्तरबाट, गाविस स्तरबाट, वडानागरिक मञ्चको तर्फबाट र स्वास्थ्य संस्था तथा अन्य विभिन्न सञ्जालहरूबाट औपचारिक वा अनौपचारिक तवरमा शौचालयको अनुगमन भैरहेको कुरा सकारात्मक छ । साथै गाउँ घर, समुदाय, सामुदायिक भवन, विद्यालय, सेवाकेन्द्र एवं कुनै पनि सार्वजनिक स्थलहरूमा पूर्ण सरसफाइ सम्बन्धमा छलफल, गोष्ठी, बैठक आदि गर्दै आएको हुँदा यहाँको सरसफाइ क्षेत्रमा निरन्तरता भैरहेकोले पनि प्रशंसनीय देखिन्छ । साथै यस क्षेत्रका बासिन्दाहरू धेरैजसो शिक्षित, मेहनती, कृषि कार्यमा क्रियाशील एवं रोजगार भएकोले पनि यस गाविसको भविष्य उज्वल देखिन्छ ।

नेपाल सरसकारले सन् २०१७ अर्थात वि.सं. २०७४ सालसम्ममा नेपाललाई नै पूर्णरुपमा खुला दिसामुक्त गर्ने लक्ष्य लिएको छ साथै सरसफाइ गुरुयोजना-२०६८ समेत सार्वजनिक भइसकेको छ । यसै अनुरुप हाल विभिन्न जिल्लाहरूमा पनि यो अभियान फैलिएको छ । यसै अभियान यता सन २०१७ सम्ममा पूर्ण राष्ट्रलाई  खुला दिसामुक्त गर्ने अभियानका क्रममा तीब्ररुपमा जुटिरहेको वर्तमान अवस्था छ । यस परिस्थितिमा सबैका घर घरमा खुलादिसामुक्त

चर्पी निर्माण कार्य सम्पन्न भएर सुभाङ्ग गाविसलाई  जिल्लाको दशौं खुला दिसामुक्त गाविसको रुपमा घोषणा भई सर्वत्र चिनिएको अवस्था छ ।

मैले यो विषयको अध्ययनको सिलशीलामा लक्षित उद्देश्य अनुरुपको अनुसन्धानमूलक यस कार्यमा सफलता मिलेको पाएको छु तर पनि सरसफाइको पहुँच सतप्रतिशत पुऱ्याउन यहाँ धेरै सुधार गर्नुपर्ने कुराहरु प्रसस्त रहेका छन् । जसमाः

- खुला दिसा पूर्ण रुपमा बन्द नै गर्न अझ अभियानलाई जारी राख्नुपर्ने देखिन्छ ।
- निर्माण गरिएका चर्पीहरु अनिवार्य रुपमा प्रयोग गर्ने र अरुहरुलाई पनि अनिवार्य रुपमा गर्न लगाउने ।
- पूर्ण सरसफाइ अभियानलाई सफल बनाउन र गाविसको पहिचानलाई उच्च बनाईराख्न घरहरु तथा गाविसभरि रहेका फोहरहरुलाई व्यवस्थितरुपमा तह लगाउन जरुरी देखिन्छ ।
- सबै घरमा खानेपानीको प्रबन्ध मिलाउनु पर्ने देखिन्छ  ।
- विद्यालयका सबै विद्यार्थीहरुको मध्यमबाट सरसफइ सम्बन्धी प्रचार प्रसार गराउनु पर्ने देखिन्छ ।
- चर्पी बनाउन अटेर गर्ने व्याक्तिलाई सरकारी सेवासुविधा रोक्ने र बनाउन दवाब गर्ने कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- सबैले सफा र स्वच्छ पानी पिउनका लागि पानी शुद्धिकरणका घरेलु विधि वा शुद्धिकरण गर्ने पियुष, वाटरगार्ड, उमालेर जस्ता विधि प्रयोग गर्नुपर्ने देखिन्छ ।
- सबैले सधैं सावुन पानीले हात धुने बानी बसाल्न जरुरी छ ।
- सुँगुर, बंगुर जस्ता घरेलु जनावरहरुको उचित व्यवस्थापन गर्न जरुरी देखिन्छ ।
- सबैले आआफ्ना घर,आँगन, विद्यालय, सार्वजनिक स्थानहरुलाई सफा राखिराख्नु पर्दछ ।

सुभाङ्ग गाविसको पहिचानलाई कायम राख्न र यसलाई अझ नमूनाको रुपमा सर्वत्र चिनारी गराउन पूर्ण सरसफाइ अभियानलाई सदासर्वदा आत्मासात गरिराख्नु पर्ने हुन्छ ।

## सन्दर्भग्रन्थ सामग्री–


- **नेपाल सरकारको गुरुयोजना २०६८,**(Government of Nepal (2011),*Sanitation and Hygiene Master Plan*), **नेपालसरकार काठमाडो**

**पुस्तकाकार सामग्री–**

- खानेपानी तथा ढल निकास विभाग काठमाडौं (२०६४), वातावरणीय सरसफाइ आयोजना)–सरसफाइ प्रबर्द्धन नर्म्स २०६४,नेसनल बुक सेन्टर काठमाडौं ।
- UNICEF,विद्यालय खानेपानी सरसफाइ तथा स्वास्थ्या शिक्षा निर्देशिका २०६८, आशिष पुस्तक भन्डरकाठमाडौं ।
- खानेपानी तथा ढल निकास विभाग काठमाडौं , खानेपानी तथा सरसफाइको संगालो दर्पण,नेसनल बुक सेन्टर काठमाडौं ।
- भौतिक योजना तथा निर्माण मन्त्रालय काठमाडौं(२०६८),ग्रामीण खानेपानी तथा सरसफाइ क्षेत्रगत रणनीतिक कार्ययोजना २०६८, मकालु प्रकासन काठमाडौ ।

- भौतिक योजना तथा निर्माण मन्त्रालय काठमाडौं(२०६९),ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ सम्बन्धी राष्ट्रिय नीति, रणनीति र कार्ययोजना २०६९, मकालु प्रकासन काठमाडौं ।
- राष्ट्रिय सरसफाइ सम्बन्धी समिति काठमाडैं(२०६८), विद्यालयको अगुवाइमा पूर्णसरसफाइ निर्देशिका २०६८, नेपालसरकार काठमाडौ ।
- खानेपानी तथा ढल निकास विभाग काठमाडौं(२०६८), चर्पी प्रबर्द्धन सहयोगी पुस्तीका २०६८, नेसनल बुक सेन्टर काठमाडैं ।
- नेपालको संविधान (२०७२), निमा प्रकासन काठमाडौं ।
- Contry Paper Nepal [2067] Steering Committee of National Sanitation Action[SCNSA], kwest prakasan Kathmandu
- WaterAid in Nepal [2067] Budget advocary of the Water and Sanitation Sector in Nepal ,kwest prakasan Kathmandu .
- Department of Water Supply and Sewerge[2008]The International Year of Sanitation, 2008 Desk , Asis pustak bhandar Kathmandu .
- Nepal G0V[2009]-Three Year Interim Plan [2007/8-2009/10] ,Nima prakasan Kathmandu .
- Nepal G0v.-Water Supply and Sanitation[1990], Nation Sanitation Programme, Nima prakasan Kathmandu
- Adhikari Kamal 2069 - Sanitation in Nepal kathmandu [Past, Present and Future],Bidhyarthi pustak bhandar Kathmandu .

## पत्रपत्रिका एवं आलेख सामग्री–

- रवी साप्ताहिक
- पाँचथर सन्देश साप्ताहिक
- त्रिविकल्प साप्ताहिक
- कन्चन्जङ्घा पब्लिक टाइम्स साप्ताहिक
- समृद्ध पाँचथर साप्ताहिक

- मिक्लाजुङ्ग आवाज साप्ताहिक
- मेची पोष्ट दैनिक
- पाँचथर टाइम्स दैनिक
- फिदिम पोष्ट साप्ताहिक

**एफ एम हरु**

- इगल एफएम पाँचथर
- सुम्हात्लुङ  एफएम पाँचथर
- तिनजुरे एफएम पाँचथर
- सिंहलिला एफएम पाँचथर
- मितेरी एफएम पाँचथर

## अनुसूचीहरू

**अनुसूची- १महत्वपूर्ण निर्णय, गोष्ठी एवम् अन्तरक्रिया आदि-**

- गा.वि.स. खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन
- गा.वि.स. खुला दिसामुक्त सम्बन्धी कार्ययोजना तयारी
- गा.वि.स. खानेपानी तथा सरसफाइ समन्वय समितिका पदाधिकारीहरुको पूर्णसरसफाइ सम्बन्धी अभिमुखीकरण गोष्ठी
- पूर्णसरसफाइ  सम्बन्धी सरकारी र निजी बिद्यालयहरूको अन्तरक्रिया
- गा.वि.स. खुला दिसामुक्त सम्बन्धी जागरण र्‍याली
- गा.वि.स. खुला दिसामुक्त सम्बन्धी मिति तय
- गा.वि.स. खुला दिसामुक्त सम्बन्धी अभियान समूहको गठन
- जिल्ला सरसफाइ समन्वय समितिबाट अनुगमन तथा प्रमाणिकरण
- गा.वि.स. खुला दिसामुक्त घोषणा हुने बारे जानकारी गराउन पत्रकार सम्मेलन

- भव्य एवम् औपचारिककार्यत्रमकाबीच सुभाङ्ग गा.वि.स.को आफ्नै प्राङ्गणमा कार्यक्रमका प्रमुख अतिथि पाँचथर जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारीज्यूबाट सुभाङ्ग गा.वि.स.लाई खुला दिसामुक्त घोषणा

**अनुसूची-२ अभियानको सन्दर्भमा गठन गरिएका बिभिन्न सरसफाइ समिति एवं निकायहरू**

- सुभाङ्ग गाविस स्वयं आफै
- गाविस खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति
- जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिका सदस्य निकायहरू
- खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय
- जिल्ला विकास समितिको कार्यालय
- जिल्ला प्रहरी कार्यालय
- जिल्ल शिक्षा कार्यालय
- युनिसेफ
- स्थानीय राजनीतिक दलहरू
- विद्यालयहरु
- बालक्लवहरु
- सहकारी संस्थाहरू
- पत्रकार एवम् सञ्चारक्षेत्र
- महिला स्वयं सेविकाहरू
- टोल विकास समितिहरू
- सरसफाइ समितिहरु
- स्थानीय क्लवहरू
- दानवीरहरू
- स्थानीय स्तरका विभिन्न सरकारी एवं गैरसरकारी निकायहरू
- विभिन्न सरोकारवाला महानुभावहरू ।

**अनुसूची- ३ उत्तरदाताहरूलाई सोधिएका प्रश्नहरु**

उत्तरदाताको नाम :

ठेगाना :

लिङ्ग :

उमेर :

- चर्पी बनाउन कसले प्रोत्साहन गऱ्यो ?

  उत्तर–.......................................................

- चर्पी कसरी निर्माण भयो ?

  उत्तर–..................................................................

- चर्पी बनाउँदा के फाइदा भयो ?

  उत्तर–......................................................................

- चर्पी बनाउने सिलसिलामा गाउँमा कसको महत्व बढि रह्यो ?

  उत्तर–....................................................................

- चर्पी बनाउँदा के घाटा भयो ?

  उत्तर–....................................................................

- चर्पी बनाउने तर प्रयोग नगर्ने कोही छन् ?

  उत्तर–....................................................................

- गाउँमा कतै खुला दिसा छ कि छैन ?

  उत्तर....................................................................

- खुला दिसा छ भने किन छ ?

  उत्तर–........................................................

**व्यक्तिगत अन्तर्वार्ता अनुसूची(विस्तारमा)**

खुला दिसामुक्त घोषणा भैसकेका पाँचिथर जिल्ला सुभाङ्ग गाविस भित्रका अन्तरवार्ताका लागि नमूना छनौट गरिएका १०० जना उत्तरदाताहरूलाई पूर्णसरसफाइ सिलसिलामा विषेशगरी चर्पी निर्माण सम्बन्धमा सोधिएका समसामयिक विषयका केही प्रश्नहरू-

- तपाइको घरमा चर्पी छ ?

  क) छ ख) छैन ।

- चर्पी कस्तो प्रकारको छ ?

  क) कच्ची ख) पक्की ।

- चर्पी बन्नुपूर्व तपाइले कहाँ दिसा गर्नुहुन्थ्यो ?

  क) झाडिमा ख) खोल्सामा ग) वारिमा घ) खुला ठाउँमा ।

- चर्पीको प्रयोग गर्दा कसलाई सजिलो भएको छ ?

  क) केटाकेटी ख) युवा ग) बृद्ध घ) सबैलाई ।

- तपाइले चर्पी नियमित सफा राख्नुहुन्छ ?

  क) राख्छौं ख) राख्दैनौं ग) कहिलेकही घ) आवश्यक परेमा मात्र ।

- चर्पी कति कति समयमा सफा गर्नुहुन्छ ?

  क) प्रत्यक दिन ख) हप्तामा २ पटक ग) हप्तामा १ पटक घ) आवश्यक पर्दा मात्र ।

- तपाइको चर्पीमा गन्ध नासक र किटनासक बिषादीको प्रयोग छ ?

क) छ  ख) छैन  ग) जानकारी छैन ।

- चर्पी किन  सफा गर्नुपर्छ ?

  क)गन्ध नास गर्न  ख) सरुवा रोगबाट बच्न  ग) स्वस्थ हुन  घ) यी सबैका लागि ।

- चर्पी गएपछि हात के ले धुनु हुन्छ ?

  क)सावुन पानीले  ख) खरानी पानीले  ग) माटो पानीले  घ) पानीले मात्र ।

- किन सावुन प्रयोग नगर्ने ?

  क) अरुले सजिलो हुन्छ  ख) सावुन पानीले वानी परेको छैन ग) सावुन किन्ने पैसा छैन घ) काम चलेकै छ ।

- चर्पी नबन्दा वा सावुन पानी प्रयोग नगर्दा के ले गर्नुहुन्थ्यो ?

  क) झारपात  ख) कागज पेपर  ग) जेपायो त्यसैले  घ) सफा गर्दैन्थ्यौं ।

- चर्पी प्रयोग गर्ने प्रेरणा कसरी आयो ?

  क)आवश्यक परेर  ख) दवाप परेर  ग) हल्ला सुनेर  घ) गाविसले भनेर ।

- चर्पी नबन्दा र बनिसकेपछि केही फरक पर्‍यो कि परेन ?

  क)परेन  ख) धेरै फरक पर्‍यो  ग) अलिकति फरक पर्‍यो  घ) थाह छैन ।

- तपाइलाई चर्पी बनाउन लगाउने को हो ?

  क)गाविस  ख) राज्य  ग) टोल समूह घ) आफ्नै बिचार ।

- के अव अरुलाई पनि चर्पी बनाउने भन्नुहुन्छ ?

  क) भन्छु  ख) भन्दिन ग) केही मतलव छैन ।

- चर्पीको प्रयोग गर्दा कस्तो अनुभव भयो ?

  क) खै थाह छैन  ख) उस्तैउस्तै हो  ग) धेरै सजिलो ।

- चर्पी बनाउन बढी कसले महत्व दियो ?

  क) गाविसले  ख) एनजियो/आइएनजियोले ग) गाउँ समूहले  घ) सरकारले ।

- चर्पी के कसरी बन्यो ?

  क) आफैलाई आवश्यक परेकोले  ख) खुला दिसामुक्त अभियानले,  ग) सबैके दवावले ।

- चर्पी बनाइसकेपछि के समस्या छ ?

  क) पानीको  ख) खास समस्या छैन  ग) केही ममस्या छैन  घ) झन् राम्रो भएको छ ।

- पानी कहाँको प्रयोग गर्नुहुन्छ ?

  क) आकास बट परेको ख) धाराको ग) खोलाको  घ) जरुवा मूलको

- कपडा धोएको पानी कहाँ फ्याक्नुहुन्छ ?

  क) करेसा वारीमा  ख) चर्पीमा  ग) जहाँपायो त्यही ।

- पानी कस्तो पिउनुहुन्छ ?

  क) फिल्टर गरे  ख) उमाले  ग) कपडाले छानेर घ) जस्तो पायो त्यस्तै ।

- चर्पी बनाएपछि समयको बचत भयो कि भएन ?

  क) समयको बचत भयो ख) केही भएन ग) उस्तै त हो घ) धेरै फरक भयो ।
- चर्पी प्रयोगपछि स्वास्थ्यमा के फरक छ ?

  क) झाडा पखालामा कमी ख) उस्तै उस्तै हो ग) केही थाहा छैन घ) धेरै फरक छ ।
- चर्पी तपाइको घरबाट कति टाढा छ ?

  क) नजिकै छ, ख) अलिकति टाढा छ ग) घरकै छेउमा छ घ) घरभित्रै छ ।
- चर्पी नजिक र टाढाको दूरीमा के अन्तर पाउनु भयो ?

  क) नजिक राम्रो ख) टाढा ठिक छ ग) जहाँ भए पनि के भयो र ।
- चर्पी जाँदा खुट्टामा के लगाउनुहुन्छ ?

  क) चप्पल ख) खाली गोडा ग) एक रुपता छैन ।
- चर्पी कसले सफा गर्छ ?

  क) केटाकेटी ख) बुढाबुढी ग) महिला घ) जसले पायो उसैले ।
- कहिले सरसफाइ सम्बन्धी तालिम पनि लिनु भएको छ ?

  क) छ ख) छैन ग) अलिअलि जानकारी छ, घ) त्यसको आवश्यता छैन
- तपाइको चर्पीमा कहीँ कतैबाट अनुगमन वा निरीक्षण भएको छ ?

  क) छ ख) छैन ग) थाह छैन ।
- चर्पीको अनुगमन वा निरीक्षण भएको छ भने कोबाट र कहाँबाट भएको छ ?

  क) गाविसबाट ख) जिल्लास्तरबाट ग) एनजियो/आइएनजियबाट घ) सबैबाट ।
- तपाइको चर्पीमा अरुलाई पनि प्रयोग गर्न दिनुहुन्छ ?

  क) दिन्छौं ख) दिदैनौं ग) कोही आएकै छैन ।
- चर्पी नबनाएकाहरूलाई के सन्देश दिनुहुन्छ ?

  क) केही भन्नु छैन ख) सबैले बनाउनुहोस् भन्छौं ग) छिट्टो बनाउनुस् भन्छौं ।

## तालिका विवरण


तालिका नं. १ सुभाङ्ग गाविसको जम्मा घरधुरी संख्या विवरण

तालिका नं. २ उत्तर दाताको उमेरगत वर्गीकरण एवं जनसंख्या

तालिका नं ३ उत्तर दाताको शैक्षिक अवस्था

तालिका नं ४ उत्तरदाताको जातीय संख्या

तालिका नं ५ पानीको स्रोतको अवस्था प्रतिसतमा

तालिका नं. ६   पानीको उपयोगको अवस्था प्रतिसतमा
तालिकि नं ७   खानेपानी प्रशोधन सम्बन्धी संख्या प्रतिसतमा
तालिका नं. ८   चर्पीको सुविधा सम्बन्धी तथ्याङ्क
तालिका नं. ९   चर्पीको सरसफाइ सम्बन्धी अवस्था
तालिका नं. १०  हात धुने संख्या प्रतिशतमा
तालिका नं ११   हात धुने बानीको संख्या प्रतिशतमा
तालिका नं. १२  हात धुने सामग्रीको संख्या प्रतिशतमा
तालिका नं .१३  नुहाइ धुवाई गर्ने बानीका सन्दर्भामा जनसंख्या प्रतिशतकमा
तालिका नं. १४  नङ काट्ने  संख्या प्रतिशतमा
तालिका नं. १५  कपडा धुने काम संख्या प्रतिशतमा
तालिका नं. १६  फोहोर पानीको उचित ब्यवस्थापन संख्या प्रतिशतमा
तालिका नं. १७घर सफा गर्नुको कारण संख्या प्रतिशतमा
तालिका नं. १८  सरुवा रोग सम्बन्धी ज्ञान संख्या तथा प्रतिशतमा
तालिका नं. १९ चर्पी सफा गर्ने सम्बन्धमा प्रशितमा
तालिका नं. २०  पफोहोर मैला व्यवस्थापन संख्या र प्रतिसत
तालिका नं. २१  पानी प्रशोधनको तरिका स्तम्भ चित्रमा
तालिका नं. २३  सरुवा रोग सम्बन्धी ज्ञान